**परामर्शदाता**

*The Joint Venture of*

**नेष्ट प्रालि.**
**पिकासो कन्सल्टेन्ट प्रालि.**
**पारागन इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रालि.**

*(email: info@picasso.com.np; Sanepa, Lalitpur; 01-5422185)*

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रदेश सुशासन केन्द्र (PCGG)**
बाग्मती प्रदेश
जावलाखेल , ललितपुर

# आवधिक योजना
# नेत्रावती डबजोङ गाउँपालिका
## धादिङ

*(RFP No:NCB/Consulting/RFP/Periodic Plan/Cluster 4)*

# अन्तिम प्रतिवेदन
## खण्ड क : आवधिक योजना

**असार, २०७९**

## प्रतिवेदन विवरण

| | |
|---|---|
| क्लस्टर | ४ |
| योजनाको नाम | **स्थानीय तहको आवधिक विकास योजना तर्जुमा**<br>Preparation of Periodic Plan of Local Governments (RFP No; NCB/Consulting/Periodic Plan/RFP/ |
| सेवाग्राहीको नाम | प्रदेश सरकार<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश<br>(नेत्रवती डबजोङ गाउँपालिका, धादिङ) |
| परामर्शदाता संस्थाको नाम | नेष्ट-पिकासो-प्यारागन जेभि, सानेपा, ललितपुर |
| प्रतिवेदनको नाम | अन्तिम प्रतिवेदन |
| प्रतिवेदन संख्या | ३ |
| प्रतिविदन पेश भएको मिति | २०७९ |
| प्रतिवेदन किसिम | Hard Copy |
| परामर्शदाताको नाम | श्री योगेश पूर्ण श्रेष्ठ - शहरी योजना विद् (Team Leader)<br>श्री जितेन्द्र श्रेष्ठ - भौतिक पूर्वाधार विज्ञ<br>श्री शिव प्रसाद खनाल – सार्वजनिक वित्त व्यवस्थापन विज्ञ<br>श्री मनोज शर्मा न्यौपाने - समाजशास्त्री, अर्थशास्त्री<br>श्री तारा खतिवडा - ग्रामीण विकास विद्<br>श्री रमेश राज भण्डारी – जिआईएस विद्<br>श्री विनोद क्षेत्री भण्डारी - वातावरण तथा विपद् व्यवस्थापन विद्<br>श्री राम प्रसाद शर्मा पौडेल – तथ्याङ्क विद्<br>श्री सुस्मिता भण्डारी – सहजकर्ता |
| प्रतिवेदन जाँच गर्ने | श्री योगेश पूर्ण श्रेष्ठ (Team Leader) |
| कार्यालयको छाप | |

## आभार

स्थानीय तहको आवधिक विकास योजना (२०७८/०७९ – २०८२/०८३) को तर्जुमाका लागि प्रदेश सुशासन केन्द्र बाग्मती प्रदेशले यस नेष्ट-पिकासो-प्यारागन जेभीलाई प्याकेज-४ अन्तरगतका नेत्रावती डबजोङ गाउँपालिका, धादिङको आवधिक योजना तर्जुमाको अवसर प्रदान गर्नु भएकोमा प्रदेश सुशासन केन्द्र, बागमती लाई हार्दिक धन्यवाद व्यक्त गर्दछौ । आवधिक योजना तर्जुमामा निरन्तर सहयोग, मार्ग दर्शन, पालिकाहरुमा समन्वय गरि योजना तर्जुमामा सक्रिय सहभागि भई कार्यमा सहजता प्रदान गरिदिनु हुने बाग्मती प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक श्री विमल पोखरेल, स्थानीय सुशासन विद् श्री चन्द्रप्रकाश सिग्देल लगाएत सम्पूर्ण विज्ञ टोली प्रति योजना तर्जुमा टोलीको तर्फबाट कृतज्ञता व्यक्त गर्दछौं ।

त्यसैगरी आवधिक योजना तर्जुमाको क्रममा पुर्याउनु भएको अतुलनिय सहयोगका लागि हरिहरपुरगढी गाउँपालिका पालिकाका अध्यक्ष श्री मेघ नाथ रिजालज्यु , उपाध्यक्ष श्री सीतामाया गुरुङ ज्यु तथा प्रमुख प्रशासकिय अधिकृत श्री हरेराम शाहज्यु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौ । त्यसैगरी अध्ययनका क्रममा महत्वपूर्ण सहयोग पुर्याउनु हुने गाउँपालिकाका पुर्व अध्यक्ष श्री दुर्ग कुमारशाक्य ज्यु र उपाध्यक्ष श्री उर्मिला तामाङ ज्यु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौ । योजना तर्जुमाका क्रममा सम्पर्क व्यक्तिको रुपमा रही योगदान गर्नु हुने प्रशासन शाखा प्रमुख श्री अनुप लामिछानेज्यु, सम्पूर्ण शाखाका शाखा प्रमुख तथा कर्मचारी ज्यूहरुलाई योजना तर्जुमाको क्रममा पुर्याउनु भएको अतुलनीय सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छौ ।

अध्ययनका क्रममा स्थलगत रुपमा जानकारी, सूचना तथा सल्लाह/सुझाव प्रदान गरि सहयोग गर्नु हुने सबै वडाका वडा अध्यक्ष तथा सदस्यज्यूहरु, वडा कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौ । अन्त्यमा यस योजना तर्जुमा कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने विकास साझेदार निकायका प्रतिनिधि तथा पालिका सम्पूर्ण स्थानीयवासीलाई हार्दिक धन्यवाद दिन चाहन्छौ ।

विषय सुची

परिच्छेद १. परिचय १
१.१. पृष्ठभूमी १
परिच्छेद २. नेत्रावती डबजोङ गाउँपालिकाको वस्तुगत विवरण २
२.१. गाउँपालिकाको परिचय २
२.१.१. क्षेत्रीय अवस्थिति २
२.१.२. राजनीतिक तथा प्रशासनिक संरचना ३
२.१.३. भौगोलिक अवस्थिति ३
२.१.४. जलवायु ३
२.१.५. जनसंख्याको स्थिति ४
२.१.६. बसाईसराई ७
२.२. आर्थिक विकासको अवस्था ८
२.२.१. मुख्य पेशा ८
२.२.२. कृषि तथा खाद्य सुरक्षा ८
२.२.३. पर्यटन ११
२.२.४. उद्योग तथा व्यापार, व्यवसाय ११
२.२.५. श्रम तथा रोजगारी १२
२.२.६. वित्तीय सेवा १३
२.३. सामाजिक क्षेत्रको स्थिति १५
२.३.१. स्वास्थ्य तथा पोषण १५
२.३.२. शिक्षा १६
२.३.३. महिला तथा बालबालिकाको विकास स्थिति १९
२.३.४. युवा तथा खेलकुद १९
२.३.५. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरु २१
२.३.६. सुरक्षा २२
२.४. भौतिक पूर्वाधार तथा वस्ती विकास २३
२.४.१. भूउपयोग २३
२.४.२. वस्ती, आवास तथा सार्वजनिक निर्माण २३

२.४.३. सडक, पुल तथा यातायात २५
२.४.४. विद्युत तथा वैकल्पिक उर्जाको स्थिति २८
२.४.५. खानेपानी तथा सरसफाई २८
२.४.६. सूचना, सञ्चार तथा प्रविधि २९
२.४.७. फोहोर व्यवस्थापन तथा ढल निकास प्रणाली २९
२.४.८. सिंचाई पूर्वाधार ३०
२.४.९. भूमिहीन तथा सुकुम्बासी ३०
२.५. वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ३१
२.५.१. वन तथा जैविक विविधता ३१
२.५.२. वनजंगल ३१
२.५.३. जलस्रोत ३२
२.५.४. खानी तथा खनिज ३३
२.५.५. प्राकृतिक प्रकोप जोखिम क्षेत्र ३३
२.६. सुशासन तथा संस्थागत व्यवस्था ३५
२.६.१. स्थानीय ऐन तथा कानुनहरु ३५
२.६.२. समिति गठन ३५
२.६.३. संस्थागत व्यवस्था तथा सुशासन ३५
२.६.४. संगठनात्मक विकास ३६
२.६.५. योजना व्यवस्थापन ३८
२.६.६. स्रोत व्यवस्थापन ३८
परिच्छेद ३. अनुसूची ४०

तालिका १: गाउँपालिकाको पुनर्संरचना ३
तालिका २ वडागत जनसंख्या वितरण ४
तालिका ३: गाउँपालिकाको जनघनत्व ४
तालिका ४: पेशाका आधारमा जनसंख्या विवरण ८
तालिका 5: परिवारको खाद्यान्नमा आत्मनिर्भरता ९
तालिका 6: गाउँपालिकामा हुने मुख्य कृषि उत्पादनको विवरण ९
तालिका 7: पालिकामा रहेका सहकारी संस्थाको विवरण १३
तालिका ८ गाउँपालिकामा भएका स्वास्थ्य संस्थाको विवरण १५
तालिका ९: सुरक्षित मातृत्व सेवाको विवरण १६
तालिका 10 शैक्षिक संस्थाको तहगत विवरण १७
तालिका ११: नेत्रावती डबजोङ गाउँपालिकाको तहगत शैक्षिक उपलब्धि १८
तालिका 12: गाउँपालिकामा भएका युवा क्लबको विवरण २०
तालिका १३: पालिकामा रहेका खेल मैदानको विवरण २०
तालिका १४ नेत्रावती डबजोङ गाउँपालिकामा रहेका सामुदयिक भवनको विवरण २४
तालिका १५: बसपार्क वा बस स्टेसन २६
तालिका १६: पुल तथा कल्भर्टको विवरण २७
तालिका १७: पालिकामा रहेका मुख्य पानीका स्रोतहरुको विवरण ३२
तालिका १८: पालिकामा रहेका प्रमुख जोखिम क्षेत्रहरु ३३
तालिका १९: नेत्रवती डबजोङ गा.पा. को स्वीकृत कर्मचारी दरबन्दी तेरिज ३६

फोटो 1: मकै खेति १०
फोटो 2: धन खेतिका लागि तयार जमिन १०
फोटो ३: व्यवसायिक कृषि उत्पादक संस्था १०
फोटो ४: व्यवसायिक तरकारी खेति टनेला १०
फोटो ५: कोशे ढुंगा १४ ११
फोटो ६: गुम्बा ११
फोटो ७ नेत्रवती डबजोङ अस्पताल १५
फोटो ८: निरन्जना मा.वि. वडा १ १८
फोटो ९: नारायणी आ.वि. वडा ५ १८
फोटो १० : निरन्जना मा.वि. खेलमैदान, वडा नं १ २१
फोटो ११: गुम्बाहरु २२
फोटो १२ प्रहरी चौकी , सेमजोङ २२
फोटो १३: प्रहरी चौकी, मार्पाक २२
फोटो १४: पुरानो घरको बनावट २४
फोटो १५: आधुनिक घरको बनावट २४
फोटो १६ पालिकाका सडकको विद्यमान अवस्था २६
फोटो १७ वडा नं ५ को कटुन्जे बजारमा रहेको ट्रान्सफर्मर २८
फोटो १८: खानेपानी मुहान २९
फोटो १९: खानेपानी रिजर्भ टंकी २९

चित्र 1: नेत्रावती डबजोङ गाउँपालिकाको जातजातिको विवरण ५
चित्र २: नेत्रावती डबजोङ गाउँपालिकाको जनसंख्या प्रक्षेपण ६

# परिच्छेद १. परिचय

## १.१. पृष्ठभूमी

नेपालमा नेपाल भौगोलिक विविधता, प्राकृतिक सम्पदा तथा मानव संसाधनको अवस्था हेर्दा समृद्धिको प्रशस्त सम्भावना रहेको छ । कुनै क्षेत्रको सामाजिक-आर्थिक विकासनै सो क्षेत्रको रूपान्तरणको आधार हो । नेपालमा अझैपनि जनसङ्ख्याको ठूलो हिस्सा गरिबीको रेखामुनि रहेको छ । विकास निरन्तर प्रयासहरूको बावजुद देशका सबै क्षेत्रमा आधारभूत सेवा तथा पूर्वाधारको समान पहुँच पुग्न सकेको छैन । योजनाबद्ध विकासको कमी यसको मुख्य कारकको रुपमा रहेको देखिन्छ ।

नेपालमा ६ दशक लामो योजनाबद्ध विकासको अवधिमा नौ वटा पंचवर्षीय र पाँच वटा त्रिवर्षीय योजना कार्यान्वयन भईसकेका छन् । नेपालले सन् २०१३-२०१८ मा पहिलो पंचवर्षीय योजनाबाट योजनाबद्ध विकासको थालनी भएको हो । हाल नेपालमा पन्ध्रौं आवधिक योजना (२०७६/०७७- २०८०/८१) कार्यन्वयनमा चरणमा रहेको छ ।

नेपालको संबिधानको कार्यन्वयन पछी नेपालको राज्य प्रणाली संघिय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमा रुपान्तरण भैसकेको छ । तीनै तहका सरकार (संघ, प्रदेश र स्थानीय ) संबैधानिक रुपमा अधिकार सम्पन्न भएका छन् । संबैधानिक रुपमा स्थानीय शान्ति, समृद्धि, सुशासन; सामाजिक तथा आर्थिक विकासका लागि स्वयम स्थानीय तहलाई नै अधिकार प्रत्यायोजन गरिएको छ । नेपालको संबिधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्न नेपाल सरकाले स्थानिय सरकार संचालन ऐन, २०७४ जारी भयो । ऐनले स्थानीय सरकारको अधिकार, भूमिका तथा जिम्मेवारी तोकेको छ । ऐनले स्थानीय तहको दिगो विकासका लागि गाउँपालिका प्रोफाइल, स्रोत नक्सा, आवधिक योजना, वार्षिक योजना र दीर्घकालीन विकास योजना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा प्रदेश सुशासन केन्द्र , बागमती प्रदेशले सामाजिक तथा आर्थिक विकासको लक्ष्य हासिल गर्न तथा स्थानीय तहमा योजनावद्ध विकास मार्फत सुशासन कायम गर्न प्रदेश भित्र रहेका विभिन्न स्थानीय तहको आवधिक योजना तर्जुमा गरेको छ ।

स्थानीय समस्यालाई सम्बोधन गर्न योजना तर्जुमा प्रक्रिया जनसहभागितामा आधारित, नेपालको संबिधान, तथा सम्बिन्धित ऐन, कानुन, नीति तथा निर्देशिकामा आधारित भएर तर्जुमा प्रक्रिया अगाडी बढेको छ । यो स्थानीय तथाको विकासको गतिलाई निर्देशित गर्ने एक गतिशील दस्ताबेज हुनेछ ।


# परिच्छेद २.　नेत्रावती डबजोङ गाउँपालिकाको वस्तुगत विवरण

## २.१. गाउँपालिकाको परिचय

### २.१.१. क्षेत्रीय अवस्थिति

धादिङ जिल्लामा अवस्थित नेत्रावती डबजोङ गाउँपालिकाको सिमाना पूर्वमा मेघाङ गाउँपालिका, पश्चिममा त्रिपुरासुन्दरी गाउँपालिका र गंगाजमुना गाउँपालिका, उत्तरमा खनियाबास गाउँपालिका र दक्षिणमा निलकण्ठ नगरपालिका संग जोडिएको छ । गाउँपालिका भएर जाने मध्यपहाडी लोकमार्गले पालिकालाई भू मार्ग मार्फत छिमेकी जिल्ला नुवाकोट तथा आफ्नै जिल्ला सदरमुकाम धादिङबेसी संग जोडेको छ ।

जलस्रोत, वनजंगलको उपयोग, यातायात, रोजगारी, शिक्षा, स्वास्थ्य, पर्यटन जस्ता क्षेत्रहरुमा गाउँपालिका अन्य पालिकासंग अन्तरनिर्भर रहेको छ । पालिकामा उत्पादन हुने कृषि तथा पशुजन्य उत्पादन मुख्य बजार काठमाडौँ, नुवाकोटको जिल्ला सदरमुकाम बिदुर र आफ्नै जिल्ला सदरमुकाम धादिङबेसी हुन् । त्यसैगरी गाउँपालिकामा कृषिका लागि आवश्यक मल, विउ, दैनिक उपभोग्य खाद्यान्न, निर्माण सामग्री, लत्ताकपडा, औषधी लगायतका अन्य सामाग्रीहरु अन्य स्थानबाट पालिकामा आयात गरिन्छ । त्यसैगरी शिक्षा तथा स्वास्थ्य उपचारका लागि पनि यो पालिका अन्य छिमिकी पालिका तथा ठुला शहर काठमाडौँ, बिदुर तथा धादिङबेशी जस्ता सहरमा निर्भर रहेको छ ।




नक्शा 1: नेत्रावती डबजोङ गाउँपालिकाको अवस्थिति नक्शा

### २.१.२. राजनीतिक तथा प्रशासनिक संरचना

नेत्रावती डबजोङ गाउँपालिका बागमती प्रदेशको धादिङ जिल्लामा पर्दछ । धादिङ जिल्लाको ऐतिहासिक महत्वको डबजोङ दरबारको नामबाट यस गाउँपालिकाको नामकरण गरिएको छ । राज्यको पुन: संरचना गर्ने क्रममा वि.सं. २०७३ सालमा साविकका मार्पाक, सेमजोङ र कटुन्जेको तिन वटा गाविसहरुको संयोजनबाट नेत्रावती डबजोङ गाउँपालिकाको गठन गरिएको  हो । प्रशानिक रुपमा गाउँपालिकालाई पाँच वडामा विभाजन गरिएको छ भने, सेमजोङ बजार प्रशासनिक केन्द्रको रुपमा रहेको छ । गाउँपालिकाले ७०.८४ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । यस पालिकाले धादिङ जिल्लाको कुल क्षेत्रफलको ९.४३ % क्षेत्रफल ओगटेको छ ।

तालिका 1: गाउँपालिकाको पुनर्संरचना

| हालको वडा | साविक गाविस | साविक वडा |
|---|---|---|
| १ | मार्पाक | २ – ८ |
| २ | मार्पाक | १ , ९ |
| | सेमजोङ | ७ – ९ |
| ३ | सेमजोङ | १ – ६ |
| ४ | कटुन्जे | १ – ४ |
| ५ | कटुन्जे | ५ – ९ |

(गाउँपालिकाको पार्श्वचित्र, २०७५)

### २.१.३. भौगोलिक अवस्थिति

पहाडी जिल्लामा अवस्थित नेत्रावती डबजोङ गाउँपालिका समुद्री सतहदेखि करिब १६०० मि. को उचाईमा अवस्थित छ । गाउँपालिकाको भौगोलिक अवस्थिति २७ ५८'५७" उत्तरी अक्षांश तथा ८४ ५९'४२" पूर्वी देशान्तरको विचमा फैलिएको छ ।

### २.१.४. जलवायु

समुन्द्री सतहदेखि १६०० मि. को उचाईमा रहेको यस पालिकामा ठण्डा प्रकारको हावापानी पाईन्छ ।  वडा न १, २, ३ मा निकै ठण्डा हावापानी पाइन्छ भने, वडा नं ४ र ५ को तल्लो भेगमा खी समशितोष्ण हावापानी पाईन्छ ।  यहाँको माथिल्लो भेगमा जाडोमा निकै जाडो हुन्छ भने तल्लो भेगमा गर्मीमा निकै गर्मि  हुन्छ ।

## २.१.५. जनसंख्याको स्थिति

### २.१.५.१ जनसंख्याको वितरण

नेत्रावती डबजोङ गाउँपालिकाको कुल जनसङ्ख्या १४,४९९ रहेको छ । जसमध्ये पुरुष ६,३४३ (४३.७४%) र महिला ८,१५३ (५६.२५%) रहेका छन् । पालिकाको कुल घरधुरी संख्या ३,८२२ छ । वडा अनुसार जनसंख्या वितरण हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं. ५ र सबैभन्दा कम जनसंख्या वडा नं. २ मा देखिन्छ । गाउँपालिकाको औषत परिवार आकार ३.८ रहेको छ । नेत्रावती डबजोङ गाउँपालिकाले धादिङ जिल्लाको कुल जनसङ्ख्याको ४.३१ प्रतिशत र बागमती प्रदेशको कुल जनसंख्याको मात्रै ०.२४ प्रतिशत ओगटेको छ । जहाँ धादिङ जिल्ला र बागमती प्रदेशको कुल जनसंख्या क्रमशः ३,३६,०६७ र ६०,८४,०४२ ( राष्ट्रिय जनगणना, २०६८) छ । गाउँपालिकाको वडा अनुसार जनसंख्या वितरण तलको तालिकामा देखाइएको छ ।

तालिका 2 वडागत जनसंख्या वितरण

| वडा नं | घरधुरी संख्या | कुल जनसंख्या | पुरुष संख्या | महिला संख्या | औषत परिवार संख्या |
|---|---|---|---|---|---|
| १ | ७६२ | ३०४४ | १३२६ | १७१८ | ४.० |
| २ | ५६० | २१६२ | ९३७ | १२२५ | ३.९ |
| ३ | ७२७ | २६१८ | ११५७ | १४६१ | ३.६ |
| ४ | ८७६ | ३२६३ | १४३५ | १८२८ | ३.७ |
| ५ | ८९७ | ३४१२ | १४८८ | १९२४ | ३.८ |
| **जम्मा** | **३,८२२** | **१४,४९९** | **६,३४३** | **८,१५६** | ३.८ |

(गाउँपालिकाको पार्श्वचित्र, २०७५)

### २.१.५.२ जनघनत्व

जनघनत्व निश्चित क्षेत्रफलमा जनसङ्ख्याको चाप मूल्याङ्कन गर्नको लागि प्रभावकारी सूचकांक हो । प्रति ईकाई क्षेत्रफलमा बसोबास गर्ने जनसंख्या नै सो स्थानको जनघनत्व हो । नेत्रावती डबजोङ गाउँपालिकाको औषत जनघनत्व २०५.७ प्रति वर्ग कि.मि. रहेको छ । पालिकाको वडा नं ५ मा सबैभन्दा बढी जनघनत्व प्रति वर्ग कि.मि. २६३.७ प्रति वर्ग कि.मि र सबैभन्दा कम जनघनत्व वडा नं. २ मा प्रति वर्ग कि.मि. १४२ जनसंख्या रहेको छ ।

तालिका 3: गाउँपालिकाको जनघनत्व


| वडा नं | क्षेत्रफल (व.कि.मि) | कुल जनसंख्या | जनघनत्व (जनसंख्या//व.कि.मि. ) |
|---|---|---|---|
| १ | १४.४ | ३०४४ | २१०.८ |

| वडा नं | क्षेत्रफल (व.कि.मि) | कुल जनसंख्या | जनघनत्व (जनसंख्या//व.कि.मि. ) |
|---|---|---|---|
| २ | १५.२ | २१६२ | १४२ |
| ३ | १२.५ | २६१८ | २०८.८ |
| ४ | १५.३ | ३२६३ | २१२.९ |
| ५ | १२.९ | ३४१२ | २६३.७ |
| **जम्मा** | **७०.५** | **१४४९९** | **२०५.७** |

(गाउँपालिकाको पार्श्वचित्र, २०७५)

### २.१.५.३ जातजातिको संरचना

नेत्रावती डबजोङ गाउँपालिकामा मुख्य तया तामाङको बसोबास रहेको छ । त्यसैगरी मगर, गुरुङ, ब्राह्मण, क्षेत्री, नेवार तामाङ, ठकुरी, दलित यहाँका मुख्य जातजातिहरु हुन् । गाउँपालिकामा सबै भन्दा बढी हिस्सा ६९ % जनजातिको रहेको छ । त्यसैगरी ब्राह्मण/ क्षेत्री १६ % दलित १४ % र अन्य जातजाति मात्र १ % रहेको छ ।




चित्र 1: नेत्रावती डबजोङ गाउँपालिकाको जातजातिको विवरण


### २.१.५.४ भाषा

नेत्रावती डबजोङ गाउँपालिकामा सबै भन्दा बढी बोलिने भाषा नेपाली भाषा हो । पालिकाको ५० % भन्दा बढी जनसंख्याले नेपाली भाषा बोल्दछन् । त्यसैगरी यहाँ बोलिने अन्य भाषामा तामाङ भाषा, नेवारी भाषा, गुरुङ भाषा मुख्य हुन् ।

### २.१.५.५ जनसंख्याको वृद्धिदर

नेत्रावती डबजोङ गाउँपालिकाको जनसंख्या वि.सं. २०६८ (के.त.वि.) मा १२,८७० बाट २०७५ सालमा ( घरधुरी सर्वेक्षण गा.पा). १४,४९९ पुगेको देखिन्छ । वि.सं. २०६८ देखि २०७८ सालको बिचमा गाउँपालिकाको जनसंख्या वृद्धिदर १.४९ % रहेको छ । यद्यपी, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार गाउँपालिकाको कुल जनसंख्या ११,२७१ रहेको छ र जनसंख्या वृद्धिदर पनि नकारात्मक देखिन्छ । गाउँपालिकामा भईरहेका भौतिक तथा

सामाजिक विकास सँगसँगै गाउँपालिकाबाट बाहिर जानेको संख्यामा कमि आई आगामी दिनमा जनसंख्या बढ्दै जाने अनुमानका आधारमा सकरात्मक वृद्धिदरका आधारमा पालिकाको आगामी २० वर्षको जनसंख्या प्रक्षेपण गरिएको छ ।




चित्र 2: नेत्रावती डबजोङ  गाउँपालिकाको जनसंख्या प्रक्षेपण

### २.१.५.६ उमेर अनुसार जनसंख्याको बनावट

उमेर अनुसार जनसंख्याको अध्ययन गर्दा नेत्रावती डबजोङ गाउँपालिकामा सबै भन्दा बढी १५-३९ वर्ष उमेर समुहको जनसंख्या रहेको छ जुन कुल जनसंख्याको ३३.९५ % छ । त्यसैगरी ०-१४ वर्ष उमेर समुहको जनसंख्या ३१.१८ %, १५-३९ वर्ष उमेर समुहको जनसंख्या २७.९६ % र ७० वर्ष तथा सो भन्दा माथिको जनसंख्या ६.९२ % रहेको छ *(वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)* । गाउँपालिकामा युवा जनशक्तिको अवस्था हेर्दा युवा उमेर समुहको  अर्थात् १५-३९ वर्ष उमेर समुहको जनसंख्या सबै भन्दा बढी देखिन्छ । यस उमेर समुहलाई आर्थिक रुपले पूर्ण रुपमा सक्रिय तथा श्रम शक्तिको रुपमा हेरिन्छ । कुनै पनि स्थानको विकास निर्माणमा स्थानीय श्रम शक्तिले प्रत्यक्ष प्रभाव पर्ने हुँदा पालिकाको विकासका लागि युवा समुहको उपस्थिति सकारात्मक मान्न सकिन्छ । पालिकामा विद्यालय उमेर समुहका बालबालिकाको जनसंख्या पनि उल्लेख्य देखिन्छ भने माथिल्लो उमेर समुहको जनसंख्या क्रमश घट्दै गएको देखिन्छ ।

### २.१.५.७ अपाङ्गता

गाउँपालिकाको कुल जनसंख्याको २.२६ प्रतिशत अपाङ्गता रहेको छ ।  जसमा शारीरिक अपाङ्गता ०.६ %, दृस्टी सम्बन्धि अपाङ्गता ०.४१ %, सुनाई सम्बन्धि अपाङ्गता ०.३८ %, स्वर बोलाई सम्बन्धि अपाङ्गता ०.३२ %, श्रवण सम्बन्धि अपाङ्गता, मानसिक अपाङ्गता ०.१६ % र वौद्धिक अपाङ्गता भएका व्यक्ति ०.२ % र बहु अपाङ्गता भएका व्यक्ति ०.१९ % रहेका छन् *(वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)* ।

### २.१.५.८ साक्षरता

गाउँपालिकाको ५ वर्ष उमेर भन्दा माथिको कुल साक्षरता प्रतिशत ६२.४१ % रहेको छ । त्यसैगरी महिला साक्षरता ५६.६८ प्रतिशत र पुरुष साक्षरता ७०.०१ प्रतिशत रहेको छ गाउँपालिकामा तह अनुसारको शिक्षा हासिल गर्नेको संख्या हेर्दा एसएलसी/ एस.ई.ई पास गर्नेको संख्या मात्र ६.५८ % छ भने १०+२ सम्म अध्ययन गर्नेको संख्या २.६ % रहेको छ । पालिकामा उच्च शिक्षा हाँसिल गर्नेको संख्या निकै न्युन रहेको छ । *(वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)*।

## २.१.६. बसाईसराई

नेत्रावती डबजोङ गाउँपालिकामा हुने बसाईसराईलाई हेर्ने हो भने गाउँपालिकाबाट अन्य स्थानमा बसाई सरि जाने प्रवृति बढि देखिन्छ । गाउँपालिकाबाट मुख्यगरी काठमाडौँ, जिल्ला सदरमुकाम धादिङबेसी तथा त्रिशुलीमा बसाईसराई हुने गरेको देखिन्छ । मुख्यतया शिक्षा, स्वास्थ्य तथा रोजगारी तथा दैनिक सेवा सुबिधा तथा अवसरको खोजीमा बसाईसराई हुने गरेको देखिन्छ । त्यसैगरी गाउँपालिका अन्य वडा बाट पालिका केन्द्र सेमजोङमा पनि बसी सर्ने क्रम देखिन्छ । अधिकांश स्थानीय युवा विशेष गरी पुरुष युवा बैदेशिक रोजगारीका लागि विदेशिने गरेका छन् । पालिकाको करिब १९.३३ % युवा विदेशमा रहेको देखिन्छ ।

| बसोबासको अवस्था | जनसंख्या | प्रतिशित (%) |
|---|---|---|
| गणना गरेको स्थानमा | ७८६७ | ५४.२६ |
| अन्य स्थानमा (स्वदेशमा ) | ३८२९ | २६.४१ |
| विदेशमा | २८०३ | १९.३३ |

(गाउँपालिकाको पार्श्वचित्र, २०७५)

# २.२. आर्थिक विकासको अवस्था

## २.२.१. मुख्य पेशा

कृषि तथा पशुपालन नेत्रावती डबजोङ गाउँपालिकाको मुख्य पेशाको रुपमा रहेको पाईन्छ । पालिकाका २६.३६ % जनसंख्या कृषि तथा पशुपलानमा संग्लग्न छन् । कृषि पछि सबै भन्दा बढी बैदेशिक रोजगारीमा १६.५६ % संग्लग्न छन् । त्यसैगरी स्थानीयहरु उद्योग तथा व्यापार व्यवसाय, दैनिक ज्याला मजदुरी, नोकरी ( सरकारी तथा गैर सरकारी) क्षेत्रमा पनि संलग्न रहेका छन् ।

तालिका 4: पेशाका आधारमा जनसंख्या विवरण

| क्र. सं | पेशा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा व्यवसाय | ३१५५ | २६.३६ |
| २ | नोकरी/जागिर | १०८९ | ९.१० |
| ३ | उद्योग तथा व्यापार | ३४७ | २.९० |
| ४ | ज्याला/मजदुरी | २८६ | २.३९ |
| ५ | वैदेशिक रोजगारी | १९८२ | १६.५६ |
| ६ | विद्यार्थी | २४०१ | २०.०६ |
| ७ | गृहिणी | २७०९ | २२.६३ |
| **जम्मा** | | **११९६९** | **१००** |

(गाउँपालिकाको पार्श्वचित्र, २०७५)

## २.२.२. कृषि तथा खाद्य सुरक्षा

नेपालको संबिधान २०७२ को धारा ३६ मा खाद्य सुरक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ, भने खाद्य सम्बन्धी मौलिक हक अन्तर्गत खाद्य सुरक्षाका तीनैवटा पक्ष खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुतालाई समेटिएको छ । दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा विश्वव्यापी रुपमा भोकमरी र गरिबी लाई अन्त्य गर्ने घोषणा गरेको छ । (स्रोत : खाद्य तथा पोषण सुरक्षा योजना २०७७/०७८- २०८१/०८२)

नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७ % रहेको छ, भने कुल जनसंख्याको ६०.४ % यस क्षेत्रमा आवद्ध छ । त्यसैगरी बागमती प्रदेशको कुल क्षेत्रफलको ७३ % क्षेत्रफलमा खेति गरिएको छ । नेपालको समग्र कृषि उत्पादनमा यस प्रदेशको योगदान १६ % रहेको छ ।

नेत्रवती डबजोङ गाउँपालिकाको कुल क्षेत्रफलको ५१.६८ % जमिन खेतीयोग्य जमिन रहेको छ । कुल जनसंख्याको २६. ६ % को मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । पालिकाकामा खाद्य सुरक्षाको कुरा गर्दा ३९.१२ % जनसंख्या आफ्नो उत्पादनमा आत्मनिर्भर रहेका छन् भने १२.१९ % जनसंख्यालाई आफ्नो उत्पादनले महिना सम्म मात्र खान पुग्छ (गाउँपालिकाको पार्श्वचित्र, २०७५) ।

तालिका 5: परिवारको खाद्यान्नमा आत्मनिर्भरता

| क्र. सं | आफ्नो उत्पादनले खान पुग्ने समय | जनसंख्या (प्रतिशत ) |
|---|---|---|
| १ | ३ महिनासम्म खान पुग्ने | १२.१९ |
| २ | ४-६ महिना खान पुग्ने | ११.९६ |
| ३ | ७-९ महिना सम्मखाना पुग्ने | ३६.७३ |
| ४ | ९ महिनाभन्दा खान पुग्ने | ३९.१२ |

(गाउँपालिकाको पार्श्वचित्र, २०७५)

गाउँपालिकामा हुने मुख्य अन्नबालीमा मकै, धान, कोदो, गहुँ हुन् । मुख्य नगदे बालीमा आलु, अलैची, अदुवा, बेसार, लसुन, आदि, मुख्य दलहन बालीमा मास, मस्यांग, भटमास, केराउ, सिमि, बोडी तथा मुख्य तरकारी बालीमा बन्दाकोभी, काउली, मुला, साग, इस्कुस, टमाटर र फलफुलमा सुन्तला, कागती, आँप, केरा मुख्य हुन् ।

गाउँपालिकामा हुने कृषि उत्पादनको अधिकांश हिस्सा स्थानीय उपभोग हुने गरेको छ, भने थोरै हिस्सा विक्रि वितरण हुने गरेको देखिन्छ । गाउँपालिकाको थर्पु भन्ज्याङ हाट बजार तथा सङ्कलन केन्द्रले कृषि उत्पादनको संकलन तथा बजारको सहजीकरण गर्ने गरेको छ । पालिकामा उत्पादन तथा बिक्री हुने कृषि उत्पादनको यकिन तथ्यांक राख्ने व्यवस्था छैन, यद्यपी स्थानीयबासी संग छलफल तथा वडा भेलामा भएको छलफलका आधारमा गाउँपालिकामा हुने मुख्य कृषि उत्पादन तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 6: गाउँपालिकामा हुने मुख्य कृषि उत्पादनको विवरण

| **क्र.सं** | **बालीको किसिम** | **उत्पादन (मे.ट)** |
|---|---|---|
| १ | धान | १४२.२ |
| २ | गहुँ | २.५ |
| ३ | मकै | २.१ |
| ४ | कोदो | १.६ |
| ५ | आलु | १५०० |
| ६ | तरकारी | १.२८ |

(वडा भेला/छलफल, २०७९)

यहाँका किसानहरुले कृषि उत्पादनमा प्रांगारिक र रासायनिक मल तथा उन्नत र लोकल जातका बिउ बिजनको प्रयोग गर्ने गरेका छन् । यसका अतिरिक्त खाद्यन्न, तरकारी, फलफूल (केरा,आँप,लिची,आभोकाडो आदि), कफी आदिको व्यवसायिक तवरले उत्पादन गर्ने गरेका छन् । सेम्जोंग,भर्यांगभुरुंग, भोक्टेनी, बाहुन गाउँ, गुठी बजार,नयां र पुरानो छाप, कटुन्जे कृषि उत्पादनको पकेट क्षेत्र विकासका लागि सम्भावित क्षेत्रहरु हुन् ।

यस गाउँपालिकामा कृषिको सहायक पेशाको रुपमा पशुपालनमा हुने गरेको पाईन्छ । मुख्य पशुहरुमा बंगुर, सुँगुर, गाई, भैसी, बाख्रा, कुखुरा रहेका छन् । जसमध्य कुखुरा, सुँगुर, बाख्रा, भैसी को व्यवसायिक उत्पादनको सुरुवात भएको छ ।

अन्य स्थानमा जस्तै यस गाउँपालिकामा पनि कृषि बालीमा विभिन्न रोगहरु देखिन्छन । कृषि उत्पादनमा देखिएका मुख्य रोगहरुमा गबरा किरा, डढुवा (पात पहेलो हुने ),पदेरो, फौजी किरा, फलफूलका बोट मर्ने तथा ओइलाउने, राता कमिला लाग्ने आदि हुन् । पालिकाबाट केहि छिटपुट सहयोग बाहेक कृषि रोग नियन्त्रणका लागि कुनै ठोस प्राबिधिक सहयोग छैन ।

गाउँपालिकामा सिचाई सुबिधाको कुरा गर्दा सामान्य देखिन्छ । पालिकाका सबै वडामा सिचाईको सुबिधा भएतापनि व्यवस्थित तथा पर्याप्त छैन । गाउँपालिकामा भएका सिचाईका पुर्वाधारहरु पनि अव्यवस्थित तथा जिर्ण अवस्थामा छन् । पालिकाको मुख्य पेशा नै कृषि भएको र कृषिका लागि सिचाई सुबिधा अपरिहार्य भएकोले सिचाईका आवश्यक पूर्वाधार निर्माण तथा यसको व्यवस्थापनमा विशेष ध्यान दिन जरुरी देखिन्छ ।

गाउँपालिकाका विभिन्न वडामा कृषक समूह गठन भई संचालनमा छन् । यस्ता समूहहरु कृषि सम्बन्धी ज्ञान आदान प्रदान गर्ने, समुहमा बचत तथा ऋण लगानी गर्ने, व्यवसायिक खेति गर्ने, मल तथा विउमा अनुदान प्राप्त गर्ने जस्ता कार्यहरु गर्दै आइरहेका छन् ।



फोटो 1: मकै खेति



फोटो 2: धन खेतिका लागि तयार जमिन



फोटो 3: व्यवसायिक कृषि उत्पादक संस्था



फोटो 4: व्यवसायिक तरकारी खेति टनेला

### २.२.३. पर्यटन

अनुपम प्राकृतिक र संस्कृति, पर्यटनको विकासका लागि महत्वपूर्ण सम्पदाहरु हुन् । बागमती प्रदेशमा रहेको धादिङ जिल्लामा स्थित नेत्रावती डबजोङ गाउँपालिकामा धार्मिक, प्राकृतिक तथा सांस्कृति पर्यटकिय स्थलहरु रहेका छन् । डबजोङ दरबारपालिकामा रहेको मुख्य पर्यटकीय स्थल हो । त्यसैगरी विभिन्न वडामा रहेका मठ मन्दिर, गुम्बा पालिकामा रहेका मुख्य पर्यटकीय स्थलहरु हुन्, जसले अन्तरिक पर्यटनकामा टेवा पुर्याएका छन् ।

नेपाल एकिकरणको समयमा प्रयोग भएको बाटो पनि यसै गाउँपालिकाबाट गएको भन्ने भनाई अनुसार यो स्थान ऐतिहासिकदृष्टिले पनि महत्वोपुर्ना रहेको छ । पालिकाका विभिन्न १४ कोशे, १६ कोशे स्तम्भ बनाई संरक्षण गरिएको छ ।



फोटो 5: कोशे ढुंगा १४



फोटो 6: गुम्बा

पालिकामा आउने पर्यटक मध्ये स्थानीय पर्यटकको संख्या सबै भन्दा बढी छ । त्यसैगरी नजिकका शहरहरु काठमाडौ तथा विदुरबाट पनि पर्यटकहरु आउने गरेका छन् भने छिटपुट रुपमा विदेशी पर्यटकले पनि यस पालिकाको भ्रमण गर्ने गरेको पाइन्छ । यहाँको भौगोलिक अवस्थिति, प्राकृतिक सुन्दरता, कृषि प्रणाली, विभिन्न जातजातिका मौलिक कला संस्कृति पर्यटनका महत्वपूर्ण स्रोतहरु हुन् । पालिकाका विभिन्न स्थानमा पदमार्ग तथा होमस्टे संचालन साथै कृषि पर्यटनको पनि प्रशस्त सम्भावना रहेको छ ।

### २.२.४. उद्योग तथा व्यापार, व्यवसाय

#### २.२.४.१ उद्योग

उद्योग क्षेत्रलाई राष्ट्र विकासको प्रमुख आधार स्तम्भको रुपमा लिन सकिन्छ । तीब्र औद्योगिकरणले मुलुकको आर्थिक उन्नति गर्न मद्दत गर्दछ । नेपालको संबिधानले पनि राष्ट्रिय हित अनुकुल आयात व्यवस्थापन र निर्यात प्रबर्धन क्षेत्रमा विदेशी लगानी आकर्षित गर्ने तर्फ जोड दिएको छ । औद्योगिक नीतिले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा दिगो एवं बृहत आधार सहितको औद्योगिक विकासको माध्यमबाट अर्थतन्त्रमा उल्लेखनीय योगदान

पुर्याउने लक्ष्य लिएको छ । आ.ब. २०७५/०७६ मा कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान १४.६ % र उत्पादन मुलक उद्योग क्षेत्रको योगदान ५.६ % रहेको छ ।

उद्योग क्षेत्रको विकास बिना यथेस्ट मात्रमा रोजगारीका अवसहरु सृजना र आर्थिक विकास गर्न असम्भव प्राय हुन्छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ५.५ % छ, भने राष्ट्रिय रोजगारीमा ६.६ प्रतिशत रहेको छ । आ.ब. २०७४।७५ सम्ममा देशमा विभिन्न किसिमका जम्मा ७५२९ उद्योग रहेका छन् भने यसमा लगानी कुल रु.१६ खर्ब ८१ अर्ब भएको देखिन्छ । कुल उद्योग मध्ये दुई तिहाइ ६७.७१% (५०९८ वटा) उद्योग यस प्रदेशमा रहेका छन् । नेपालमा रहेका ११ औद्योगिक क्षेत्रहरु मध्ये चार वटा यस प्रदेशमा रहेका छन् । यस प्रदेशमा स्थापित उद्योगहरु मध्ये काठमाण्डौ उपत्यकामा सबै भन्दा धैरै छन् । लगानी मैत्री वातावरण नहुनु, औद्योगिक पूर्वाधारको कमि हुनु, दक्ष जनशक्ती नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

यस नेत्रावती डबजोङ गाउँपालिकामा कुटनी पिसानी, दुध डेरी, फर्निचर उद्योग, ग्रिल कारखाना, बेकरी, ठेकी बनाउने, मुकुण्डो बनाउने, डोको नाम्लो बनाउने जस्ता केहि घरेलु उद्यम संचालनमा रहेका छन् यस बाहेक पालिकामा कुनैपनि ठुला तथा मझौला उद्योग छैनन ।

#### २.२.४.२ व्यापार, व्यवसाय

दैनिक उपभोगको लागि आवश्यकका सामानको आपूर्तिको लागि पालिकाका विभिन्न स्थानमा साना व्यवसाय संचालनमा रहेका छन् । यस्ता व्यवसायमा किराना पसल, लत्ताकपडा, निर्माण सामग्री, औषधि, होटल लगायतका पसलहरु संचालनमा छन् । पालिकामा रहेका पाँचै वडामा रहेका मुख्य बजारहरु निम्न अनुसार रहेका छन्

| वडा | स्थान |
|---|---|
| १,२ | मार्पाक |
| ३ | चौतारा,सेम्जोङ, तिकाढुङ |
| ४ | भर्यांगभुरुंग, सल्ले बजार |
| ५ | कटुन्जे, चरङगे |

### २.२.५. श्रम तथा रोजगारी

प्रदेशको प्रति व्यक्ति आय अमेरिकी डलर १९४६ रहेको छ । दुई तिहाई भन्दा बढी नागरिक कृषि पेशामा संलग्न रहेको यस गाउँपालिकामा स्वभावत रोजगारी र आम्दानीको प्रमुख श्रोत पनि कृषिनै मान्न सकिन्छ । तर कतिपय अवस्थामा मुख्य पेशा कृषि भएता पनि आय आर्जनका लागि अन्य पेशामा पनि संग्लग्न रहेका छन् । स्थानीय बासिन्दा कृषिको साथै ब्यापार ब्यवसाय, उद्योग ,सेवा (निजामती, प्रहरी, जंगी, शिक्षण ), वैदेशिक रोजगारी आदिमा संग्लग्न छन् । बागमती प्रदेशको बेरोजगारी दर ११.४ % छ भने यस गाउँपालिकाको बेरोजगार दर उच्च छ (आ.ब.२०७९/०८० को नीति तथा कार्यक्रम ) ।

नेपालको संबिधान २०७२ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । रोजगारीको हक प्रत्याभुति गर्न नेपाल सरकारले वि.सं. २०७५ सालबाट ७५३ वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गरिरहेको छ । यो कार्यक्रमले मुख्य रुपमा बेरोजगारको तथ्यांक संकलन गर्ने, रुजु गर्ने तथा वास्तविक बेरोजगारलाई न्युनतम १०० दिनको (वार्षिक) रोजगारी उपलब्ध गराउने जस्ता कार्य गर्दछ । नेत्रावती डबजोङ गाउँपालिकामा पालिकामा आ.व २०७६/०७७ देखि २०७९/०८० सम्म सुचिकृत भएका बेरोजगारको सङ्ख्या, तथा रोजगार प्राप्त गर्नेको सङ्ख्या तथा रोजगारीका दिन को विवरण तालिकामा उल्लेख गरिएको ।

| क्र.सं. | आर्थिक वर्ष | सुचिकृत बेरोजगार सङ्ख्या | रोजगारीमा खटिएका व्यक्तिको सङ्ख्या | कुल आयोजना | कुल रोजगारीका दिन |
|---|---|---|---|---|---|
| १ | २०७६/०७७ | २५५ | - | - | - |
| २ | २०७७/०७८ | ७४६ | ३४६ | ६० | ५२७० |
| ३ | २०७८/०७९ | ७१३ | १९३ | १९ | ४४१५ |
| ४ | २०७९/०८० | ५५८ | - | - | - |

( स्रोत: http://www.pmep.gov.np/esc/statistics

### २.२.६. वित्तीय सेवा

सार्वजनिक र निजी क्षेत्रको साथै सहकारी क्षेत्रको सहभागिता एवं विकास मार्फत देश विकास गर्ने नीति राज्यले लिएको छ । अर्थतन्त्रको तल्लो तह सम्म कार्य गर्ने भएकोले सहकारी क्षेत्रले स-सानो रुपमा छरिएर रहेका पुँजी, सीप, प्रविधि आदिलाई एकत्रित गरी परिचालन गर्दछ ।

नेत्रावती डबजोङ गाउँपालिकामा वित्तीय सेवा प्रदान गर्ने जम्मा १५ वटा विभिन्न किसिमका सहकारी संस्थाहरु रहेका छन् । यस बाहेक गाउँपालिकामा बाणिज्य बैंकको शाखा रहेको रहेको छ । त्यसैगरी पालिकामा विभिन्न लघुवित्त संस्थाहरु पनि सक्रिय रहेका छन् । नेत्रावती डबजोङ गाउँपालिकामा रहेका वित्तीय संस्थाको विवरण यसप्रकार छ ।

तालिका 7: पालिकामा रहेका सहकारी संस्थाको विवरण

| वडा नं. | वित्तिय संस्थाको नाम | प्रकार |
|---|---|---|
| १ | सुभेक्षा साना किसान कृषि सहकारी संस्था | कृषि सहकारी |
| १ | बहुउद्देश्यीय सहकारी संस्था | बहुउद्देश्य सहकारी |
| १ | एकता सहकारी संस्था | सहकारी |

| | | |
|---|---|---|
| ३ | सेम्जोङ साना किसान कृषि सहकारी संस्था | सहकारी |
| ३ | रहङरोर्हो भू.पु सैनिक सहकारी संस्था | सहकारी |
| ३ | बलोंमेन्दो कृषि सहकारी संस्था | सहकारी |
| ३ | कोकोमेन्दो महिला सहकारी संस्था | सहकारी |
| ३ | गौतमबुद्ध कृषि सहकारी संस्था | सहकारी |
| ४ | थोपल खोला कृषि बहुउद्देश्यीय सहकारी संस्था | कृषि सहकारी |
| ४ | कटुन्जे सहकारी संस्था | सहकारी |
| ४ | पाहिला साना किसान कृषि सहकारी संस्था | कृषि सहकारी |
| ५ | पाबील साना किसान कृषी सहकारी | कृषी सहकारी |
| ५ | माहाबिर चुली कृषि पर्यावारण सहकारी संस्था | कृषी सहकारी |
| ५ | एकता बचत तथा ऋण सहकारी संस्था | बचत तथा ऋण सहकारी |
| ५ | रिप बहुउद्देश्य सहकारी संस्था | बहुउद्देश्य सहकारी |

( वडा भेला/छलफल, २०७९)

# २.३. सामाजिक क्षेत्रको स्थिति

## २.३.१. स्वास्थ्य तथा पोषण

नेत्रावती डबजोङ गाउँपालिकामा १ अस्पताल (१५ शैयाको), ३ स्वास्थ्य चौकी, ४ सामुदायिक स्वास्थ्य ईकाई र १ आयुर्वेदिक केन्द्र रहेका छन् । यी स्वास्थ्य संस्थाबाट नियमित रुपमा १० गाउँघर क्लिनिक र १३ खोप सेवा केन्द्र संचालन भईरहेका छन् । अस्पतालले MBBS डाक्टर सहितको सेवा प्रवाह गरिरहेको छ । यस्ता स्वास्थ्य संस्थामा नियमित विरामी जांच, पोषण सेवा, प्रसुती सेवा, गर्भवती जाँच, औषधी वितरण, ल्याब सेवा, खोप सेवा, परिवार नियोजन सेवा, भिटामिन ए खुवाउने तथा अन्य उपचारात्मक सेवाहरू उपलब्ध रहेका छन् । पालिकामा समय समयमा निशुल्क स्वास्थ्य शिविर संचालन पनि संचालन गर्ने गरिएको छ । स्थानीयहरु थप स्वास्थ्य सुविधाका लागि काठमाडौँ, धादिङबेसी, त्रिशुली जस्ता ठुला शहरमा जाने गरेका छन् ।

गाउँपालिकाले स्वास्थ्य संस्था सुविधा सम्पन्न बनाउन

तालिका 8 गाउँपालिकामा भएका स्वास्थ्य संस्थाको विवरण

| वडा नं | स्वास्थ्य संस्थाको नाम | स्थान | प्रकार |
|---|---|---|---|
| ४ | नेत्रावती डवजोङ अस्पताल (१५ शैया) | भोक्टेनी | १५ शैया अस्पताल |
| १ | मार्पाक स्वास्थ्य चौकी | मार्पाक | स्वास्थ्य चौकी |
| १ | किन्ताङफेदी सामुदायिक स्वास्थ्य ईकाई | किन्ताङ फेदी | सामुदायिक स्वास्थ्य इकाई |
| २ | केबरा सामुदायिक स्वास्थ्य ईकाई | केबरा | सामुदायिक स्वास्थ्य इकाई |
| २ | आयुर्वेदिक केन्द्र | ताङचौमाने | आयुर्वेदिक केन्द्र |
| ३ | गैरा सामुदायिक स्वास्थ्य ईकाई | गैरा | सामुदायिक स्वास्थ्य इकाई |
| ३ | सेम्जोङ स्वास्थ्य चौकी | सम्जोङ | स्वास्थ्य चौकी |
| ५ | कटुन्जे स्वास्थ्य चौकी | कटुन्जे | स्वास्थ्य चौकी |
| ४ | भोक्टेनी सामुदायिक स्वास्थ्य ईकाई | भोक्टेनी | सामुदायिक स्वास्थ्य इकाई |

(स्थलगत अध्ययन, २०७९)





फोटो 7 नेत्रवती डबजोङ अस्पताल

## सुरक्षित मातृत्व

नेत्रवती गाउँपालिकामा सुरक्षित मातृत्व अन्तर्गत तिन चौथाई गर्भवती महिलाले मात्र पहिलोपटक गर्भ जांच गर्ने गरेका छन् । ४५.३ प्रतिशत महिलाले मात्र ४ पटक सम्म गर्भजांच गर्ने गरेका छन् । यद्यपि हाल नियमित स्वास्थ्य जांच गराउने गर्भवतीको संख्या बढ्दै गईरहेको छ भने स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्यामा पनी उल्लेख्य वृद्धि भैरहेको छ । पालिकामा आ.व. २०७३/०७४ मा पहिलो पटक गर्भजांच गर्नेको संख्या ७४ % , ४ पटक गर्भजांच गर्नेको संख्या ४५.३ % रहेका छन् । त्यसैगरी स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती महिलाको संख्या २७ % मात्र रहेको छ । पालिकामा सुरक्षित मातृत्व सेवा को विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ (गाउँपालिकाको पार्श्वचित्र, २०७५) ।

तालिका 9: सुरक्षित मातृत्व सेवाको विवरण

| सेवाको विवरण | आ.व. ०७१/०७२ (%) | आ.व. ०७२/०७३ (%) | आ.व. ०७३/०७४ (%) |
|---|---|---|---|
| पहिलो पटक गर्भजाँच गर्ने गर्भवती महिला | ७३.३ | ६८.६ | ७४ |
| प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गर्ने महिला | ३२.३ | ४७.३ | ४५.३ |
| प्रोटोकल अनुसार ३ पटक गर्भजाँच गर्ने महिला | १८ | १६.३ | १०.३ |
| १८० आइरन चक्की खाने गर्भजाँच महिला | ४१.७ | ५० | ४७ |
| स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती महिला | २९.६ | २३ | ३२ |
| दक्ष स्वास्थ्य कर्मीबाट सुत्केरी हुने गर्भावती महिला | १९.३ | ८.३ | २७ |
| भिटामिन ए खाएका सुत्केरी महिला | २६ | २३ | ३२.६ |

(गाउँपालिकाको पार्श्वचित्र, २०७५)

पालिकाले Zero Home Delivery अर्थात पूर्ण संस्थागत सुत्केरी गाउँपालिका बनाउने नीति लिएको छ भए यसको कार्यन्वयनका लागि पालिकाका सबै स्वास्थ्य संस्थामा बर्थिङ सेन्टरको भौतिक पूर्वाधार सुदृढिकारण, औजार उपकरण तथा आवश्यक औशोधिको नियमित उपलब्ध गराउने जस्ता नीति लिएको छ । त्यसैगरी स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गर्न पोषण भत्ता दिदै आइरहेको छ ।

### २.३.२. शिक्षा

कुनै पनि क्षेत्रको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा मानव विकासको एक महत्वपूर्ण सूचक पनि हो । नेत्रावती डबजोङ  गाउँपालिकाको ५ वर्ष उमेर भन्दा माथिको कुल

साक्षरता प्रतिशत ६२.४१ % रहेको छ । त्यसैगरी महिला साक्षरता प्रतिशत ५६.६८ % र पुरुष साक्षरता ७०.०१ % रहेको छ (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)।

नेत्रावती डबजोङ गाउँपालिकामा जम्मा २६ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालय सहित जम्मा २४ वटा शैक्षिक संस्थाहरु रहेका छन् । त्यसैगरी ४ वटा बल विकास केन्द्र हरेक छन् । सामुदायिक विद्यालय मध्ये ५ माध्यमिक र १९ आधारभूत तह, ४ बाल विकास केन्द्र छन् । संस्थागत विद्यालयमा दुइ वटै विद्यालयमा आधारभूत तह सम्म संचालनमा छन् । पालिकाका १,३,४ र ५ नं वटा वडामा कम्तिमा एउटा माध्यमिक तहको विद्यालय छन् भने वडा नम २ मा माध्यमिक तहको विद्यालय छैन । माध्यमिक विद्यालय मध्ये ४ वटा विद्यालयमा कक्षा १२ सम्म पठनपाठन हुन्छ ।

तालिका 10 शैक्षिक संस्थाको तहगत विवरण

| वडा नं | बाल विकास केन्द्र | आधारभूत तह | माध्यमिक तह | जम्मा |
|---|---|---|---|---|
| १ | - | ४ | २ | ६ |
| २ | - | ४ | - | ४ |
| ३ | १ | २ | १ | ४ |
| ४ | २ | ३ | १ | ६ |
| ५ | १ | ६ | १ | ८ |
| **जम्मा** | **४** | **१९** | **५** | **२८** |

(वडा भेला/छलफल, २०७९)

स्थानीय विद्यार्थीहरु माध्यमिक तह सम्मको शिक्षाका लागि स्थानीय विद्यालयमानै जाने भएता पनि उच्च शिक्षाका लागि गाउँपालिका बाहिर बिशेष गरी काठमाडौ, धादिङबेसी तथा त्रिशुली जस्ता सहरमा जाने गरेका छन् ।

गाउँपालिकामा रहेका विद्यालयहरुमा सबै विद्यालयका आफ्नै भौतिक संरचना छन् । यद्यपि कतिपय विद्यालयमा यी भौतिक संरचनाहरु पर्याप्त छैनन् । धेरैजसो विद्यालयका भवनहरु सरकारी भवन मापदण्ड अनुसारका छैनन् । पालिकाभित्र रहेका विद्यालय मध्ये कुनै पनि विद्यालयमा व्यवस्थित पुस्तकालय छैन । पालिकाका सबै माध्यमिक विद्यालय र केहि आधारभूत विद्यालयमा ईन्टरनेटको व्यवस्था छ । त्यसैगरी सबै विद्यालयहरुमा सौचालय भएता पनि छात्र, छात्रा तथा कर्मचारीका लागि छुट्टाछुट्टै सौचालय छैन भने भएका सौचालय पनि सफा तथा व्यवस्थित छैनन् । त्यसैगरी सुरक्षित खानेपानीको व्यवस्था पनि सबै विद्यालयमा पुगेको छैन । शैक्षिक संस्थामा फोहोर व्यवस्थापनका लागि कुनै ठोस व्यवस्था छैन । शैक्षिक संस्थामा भौतिक संरचना अपाङ्गमैत्री तथा बाल मैत्री छैनन् ।



फोटो 8: निरन्जना मा.वि. वडा १



फोटो 9: नारायणी आ.वि. वडा ५

**शैक्षिक जनशक्ति**

यस गाउँपालिकामा रहेका विभिन्न शैक्षिक संस्थाहरुमा अध्यापन गर्ने शिक्षकहरु स्थायी, अस्थायी, राहत, विभिन्न परियोजना तथा निजि स्रोत बाट परिपूर्ति गरिएको छ । यद्यपी अझै पनि सबै विद्यालयमा तहगत तथा विषयगत शिक्षकको व्यवस्था हुन सकेको छैन । शिक्षकको अभावबाट शिक्षामा हुने हानी कम गर्न पालिकाका सम्पूर्ण विद्यालयमा MGML कार्यक्रम लागु गर्ने नीति लिएको छ ।

नेत्रावती डबजोङ गाउँपालिकामा विद्यार्थी-शिक्षिक अनुपात प्राथमिक तहमा (१-५ कक्षा) १२.९६, निम्न माध्यमिक तह (५-८ कक्षा) २१.६४ रहेको छ । त्यसैगरी माध्यमिक तहमा २१.६४ र उच्च माध्यमिक तहमा २१.८९ रहेको छ (*वस्तुस्थिति* विवरण, बागमती प्रदेश, २०७६) ।

**तहगत शैक्षिक उपलब्धिको अवस्था**

नेत्रावती डबजोङ गाउँपालिकामा ५ वर्ष भन्दा माथिको जनसंख्या मध्ये एसएलसी भन्दा मुनिको शिक्षा पुरा गर्नेको संख्या सबै भन्दा बढी ८१.९८ % रहेको छ । त्यसैगरी एसएलसी र १०+२ उत्तीर्ण गर्नेको संख्या क्रमश: ६.५८ % र २.६ % रहेको छ । पालिकामा स्नातक तथा स्नातकोत्तर तह पास गर्नेको संख्या १ % भन्दा कम रहेको छ । अन्य तह उत्तीर्ण गर्नेको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 11: नेत्रावती डबजोङ गाउँपालिकाको तहगत शैक्षिक उपलब्धि

| तह | प्रतिशत% |
|---|---|
| एसएलसी भन्दा कम | ८१९७. |
| एसएलसी | ६५८. |
| १० २+ | २६. |
| स्नातक तह | ०५२. |
| स्नातकोत्तर तह | ०१७. |
| अनौपचारिक शिक्षा प्राप्त गर्ने | ७.७९ |

(वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)

**सामुदायिक अध्ययन केन्द्र**

नेत्रवती गा.पा.मा निरन्जना सामुदायिक अध्ययन केन्द्र, मार्पाक, ताङ्चोमाने सामुदायिक अध्ययन केन्द्र, कटुन्जे सामुदायिक अध्ययन केन्द्र गरि जम्मा तीन वटा सामुदायिक केन्द्र रहेका छन् ।

### २.३.३. महिला तथा बालबालिकाको विकास स्थिति

नेत्रावती डबजोङ गाउँपालिकामा महिलाको स्थिती राम्रो देखिन्छ । यस पालिकामा कुल घरपरिवार मध्ये ११.५७ % महिलाको जग्गामा र ५.६१ % महिलाको घरमा स्वामित्व रहेको छ (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६) ।

गाउँपालिकामा महिला हिंसा एवं छुवाछुत सम्बन्धि घटनाहरु न्यायिक समितिले हेर्दछ । न्यायिक समितिमा घटना दर्ता भएपछी न्यायिक निरुपण बाट तथा मेलमिलापको प्रक्रियाबाट घटना किनारा लगाउने गरिन्छ । यी दुवै प्रक्रियाबाट समाधान हुन नसकेका घटनाहरुमात्र प्रशासन तथा न्यापालिकामा जाने गरेका छन् । न्यायिक समिति गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठन भएको छ ।

गाउँपालिकाको कुल जनसंख्या मध्ये प्रतिशत महिला रहेको यस गाउँपालिकामा महिलाहरु राजनीतिक रुपमा पनि सक्रिय छन् । गाउँपालिकामा उपाध्यक्ष ६ जना महिला सदस्यहरु रहेका निर्वाचित छन् जुन कुल निर्वाचित सदस्यको ४६.१५ % हो । नेत्रावती डबजोङ गाउँपालिका महिलाहरु आमा समूह, महिला समूह जस्ता समूहमा आवद्ध रहेर विभिन्न सामाजिक क्रियाकलापमा संग्लग्न रहदै आएका छन् । त्यसैगरी गाउँपालिकामा संचालन हुने विभिन्न योजना, कार्यक्रम तथा परियोजनाको निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार सम्बन्धि कामका लागि गठन हुने उपभोक्ता समितिमा रहेर महिलाको उपस्थिति राम्रो छ । पालिकाको विकास निर्माण कार्यमा पनि महिलाको सक्रिय सहभागिता हरेको देखिन्छ ।

त्यसैगरी गाउँपालिकामा बालबालिकाको स्थिती पनि राम्रो देखिन्छ । यहाँ सबै बालबालिकाले उमेर अनुसार प्राप्त गर्नुपर्ने खोप सेवा प्राप्त गरेका छन् । त्यसैगरी विद्यालय जाने उमेर समूहका सबै बालबालिका विद्यालय गएका छन् । पालिकामा आधारभूत तहमा खुद भर्नादर ९८.२१ छ, जसमा बालिकाको कुल भर्नादर ९८.३१ भने बालकको खुद भर्नादर ९३.४३ रहेको छ । त्यसैगरी माध्यमिक तहमा कुल भर्नादर ५९.४८ छ । जसमा बालिकाको कुल भर्नादर ६६.५५ र बालकको भर्नादर ५२.४२ रहेको छ । पालिकामा बालबालिकाहरुले आफ्नो विचार राख्ने तथा वृति विकासका लागि बाल क्लबको स्थापना तथा संचालन भईरहेको छ । त्यसैगरी गाउँपालिका बाल मैत्री स्थानीय शासन संचालनका लागि पनि प्रयासरत छ ।

### २.३.४. युवा तथा खेलकुद

युवा कुनै पनि स्थानका विकासका सम्वाहक हुन् । युवा शक्तिको परिचालन बाटनै विकास सम्भब हुन्छ । नेत्रावती डबजोङ गाउँपालिकाको जनसंख्याको बनौट हेर्दा कुल जनसंख्याको झन्डै ४० % हिस्सा युवाको रहेको छ (जनगणना, २०६८) । यो संख्या बागमती प्रदेशमा ३५.७९ % रहेको छ । नेपालमा पछिल्लो समयमा युवाहरु विदेशिने

क्रम बढ्दै गईरहेको छ । यसबाट नेत्रावती डबजोङ गाउँपालिका पनि अछुतो रहन सकेको छैन । गाउँपालिकाबाट विशेष गरी बैदेशिक रोजगारीका लागि तथा शिक्षा तथा रोजगारीका लागि युवाहरु बाहिरिने क्रम बढ्दो छ । यद्यपि पालिकाले युवा वर्गलाई स्थानीय स्तरमानै टिकाई राख्न विभिन्न प्रोत्साहनका कार्यक्रम गर्दै आइरहेको छ । युवाहरुको भेला, सामाजिक कार्य, संस्कृतिको जगेर्ना, विभिन्न खेलकुद प्रतियोगिताको आयोजना लगायत समग्र युवा वर्गको विकासका लागि पालिकाका विभिन्न वडामा युवा क्लब सक्रिय रहेका छन् ।

तालिका 12: गाउँपालिकामा भएका युवा क्लबको विवरण

| वडा नं. | क्लबको नाम | ठेगाना |
|---|---|---|
| १ | CCM YOUTH CLUB | मार्पाक |
| २ | व्राहि युवा क्लब | धाराधिरी |
| २ | सुकेला युवा छाहारी क्लब | पोखरा |
| ३ | छाराबाकारह युवा क्लब | गैरा |
| ३ | चौतारा युवा क्लब | चौतारा |
| ३ | डवजोङ संरक्षण युवा क्लब | सेम्जोङ |
| ३ | मनेगाउ युवा क्लब | तिकादुङ |
| ४ | मेलमिलाप युवा क्लब | नेत्रवती डबजोङ गा.पा. |
| ४ | छोइलीङ युवा क्लब | नेत्रवती डबजोङ गा.पा. |
| ५ | महेन्द्र वाराही युवा क्लब | नेत्रवती डबजोङ गा.पा. |
| ५ | देउराली युवा क्लब | नेत्रवती डबजोङ गा.पा. |

(वडा भेला/छलफल, २०७९)

युवा वर्गको शारीरिक तथा मानसिक विकास साथै अनुसाशित युवा पुस्ताको विकासका लागि नेत्रावती डबजोङ गाउँपालिकाले खेलकुदको विकासलाई प्राथमिकतामा राखेको छ । गाउँपालिकाले खेलकुदको विकासका लागि विभिन्न प्रयासहरु भईरहेका छन् । पालिकाका विभिन्न स्थानमा खेल मैदानहरू निर्माण गर्ने, खेलकुद प्रतियोगिता आयोजना गर्ने जस्ता कार्य गरिरहेको छ । त्यसैगरी गाउँपालिकाले खेल प्रशिक्षकको व्यवस्था गर्ने नीति लिएको छ ।

तालिका 13: पालिकामा रहेका खेल मैदानको विवरण

| वडा नं. | नाम | स्थान | कैफियत |
|---|---|---|---|
| २ | धराधिरी खेलमैदान | धाराधिरी | |
| २ | केबरा खेलमैदान | केबरा | |
| २ | पोखरा खेलमैदान | पोखरा | |
| २ | चिल्ड्रेन खेलमैदान | | |

| वडा नं. | नाम | स्थान | कैफियत |
|---|---|---|---|
| ३ | वाका खेलमैदान | गैरा | पालिका स्तरीय |
| ३ | पोङ्चेत  खेलमैदान | तिकादुङ |  |
| ३ | गम्बोङ खेलमैदान | चौतारा |  |
| ४ | सेल्ले खेलमैदान | सेल्ले | वोडा स्तरीय |
| ४ | हजारे खेलमैदान | हजारे | टोल स्तरीय |
| ५ | कवि सवानन्द स्मृति खेलमैदान | महाबिर चुली | पार्क |
| ५ | देउराली डाडा खेलमैदान | देउराली डाडा | स्टेज |
| ५ | नयाँ स्वरा खेलमैदान | नया स्वारा | खेलमैदान |
| ५ | रिप खेलमैदान | रिप | खेलमैदान |

(वडा भेला/छलफल, २०७९)

यस बाहेक पालिकाका विभिन्न विद्यालयहरुमा रहेका खेल मैदानले पनि खेल क्षेत्रको विकासका लागि टेवा पुर्याईरहेका छन् । त्यसैगरी खेल क्षेत्रको विकासका लागि पालिकाले विभिन्न खेल प्रतियोगिताहरु आयोजना गर्दै आइरहेको छ ।



फोटो 10 : निरन्जना मा.वि. खेलमैदान, वडा नं १

## २.३.५. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरु

नेत्रावती डबजोङ गाउँपालिकामा विभिन्न धार्मिक, संस्कृतिक तथा ऐतिहासिक स्थलहरु रहेका छन् । प्राचिन डबजोङ दरबार यस पालिकाको मुख्य ऐतिहासिक तथा पर्यटकीय स्थल हो । गाउँपालिकाको नामकरण समेत यसै दरबारका आधारमा गरिएको छ । त्यसैगरी ल्हासाङ छोइलिङ बौद्ध गुम्बा, साङदोप रिपोतला गुम्बा, थिल्चेन गुम्बा, डबजोङ बौद्ध गुम्बा, ठील्देन तमाङ गुम्बा, ठुटेमाने मन्सुरी कमान गुम्बा, छोचेन गुम्बा, मेलुङ गुम्बा केबरा बौद्ध, गौरा छेडुप गुम्बा, चौतारा टासेजोङ गुम्बा, छिलीङ जोड गुम्बा, सेराब छोइलीङ बौद्ध गुम्बा, छोइलीङ साङ गुम्बा आदि मुख्य

गुम्बाहरु हुन् । त्यसैगरी बिन्दुकेशर मन्दिर, बाघभैरब मन्दिर, घाटोनाथ मन्दिर, सप्तकन्या देवी मन्दिर, बाघभैरब मन्दिर, कन्यादेवी मन्दिर, गोकर्णेश्वर महादेव, जट्टाशंखर महादेव, हुलाक मण्डली मन्दिर यस क्षेत्रका मुख्य धार्मिक स्थलहरु हुन् ।





फोटो 11: गुम्बाहरु

### २.३.६. सुरक्षा

गाउँपालिकाको विभिन्न स्थानमा सुरक्षा निकायहरु तैनाथ रहेका छन् । मार्पाक प्रहरी चौकी वडा १, सेमजोङ प्रहरी चौकी वडा ३ र टोड्के प्रहरी चौकी वडा नं ५ मा प्रहरी चौकीहरु रहेका छन् । यस गाउँपालिकामा सामान्य चोरि, झैझगडा, घरायसी विवाद जस्ता सामान्य बाहेक सुरक्षा सम्बन्धि अन्य जटिल घटनाहरु देखिदैनन । शान्ति सुरक्षाका लागि सुरक्षाकर्मी २४ सै घण्टा तैनाथ रहेकोले यहाँको शान्ति सुरक्षाको स्थिती राम्रो देखिन्छ।



फोटो 12 प्रहरी चौकी , सेमजोङ



फोटो 13: प्रहरी चौकी, मार्पाक

# २.४. भौतिक पूर्वाधार तथा वस्ती विकास

## २.४.१. भूउपयोग

नेत्रावती डबजोङ गाउँपालिकाको विद्यमान भू-उपयोग अनुसार नगरपालिकाको करिब ५१.६८ % खेतीयोग्य जमिन रहेको छ । गाउँपालिकाको ३९.३० % जमिन वन क्षेत्र, र ३.५ % क्षेत्र झाडी क्षेत्र रहेको छ । गाउँपालिकाको कुल जमिनको १.५३ % क्षेत्रमा मात्र वस्ती क्षेत्र रहेको छ। गाउँपालिकाको विद्यमान भू-उपयोगलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ।

| विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत (%) |
|---|---|---|
| बाँझो जमीन | १.७ | ०.०२ |
| वस्ती | १०७.८ | १.५३ |
| झाडी | २४० | ३.४१ |
| खेतीयोग्य | ३६४२.४ | ५१.६८ |
| वन जंगल | २७६९.९ | ३९.३० |
| खोला/ जलस्रोत | २७.६ | ०.३९ |
| खोला किनार तथा बगर | ६३.४ | ०.९० |
| घाँसे क्षेत्र | १९४.७ | २.७६ |
| **जम्मा** | **७०४७.५** | **१००.००** |

## २.४.२. वस्ती, आवास तथा सार्वजनिक निर्माण

यस गाउँपालिकाका मुख्य बस्तिहरुमा मार्पाक, सेमजोङ, कटुन्जे बजार, तल्लो पोखरा, टिकाढुङ, भोक्टेनी, भर्याङभुरुङ, सल्ले, पोल्चेत, मार्पाक पोखरा, धाराधीरी, धारापानी, केवारा माउत्, थला हुन् । नेत्रावती डबजोङ गाउँपालिकामा ९७.८३ % परिवार नीजि स्वामित्वको घरमा बसोबास गर्दछन । त्यसैगरी १.९९ % भाडाको घरमा बस्ने र बाँकि अन्य स्वामित्व भएको घरमा बसोबास गर्दछन । घरको छानोका आधारमा हेर्दा सबै भन्दा धेरै करिब ८९.२७ % जस्ताको छानो भएका घरहरु छन् भने बाँकि घरहरु ढलान गरेका, फुस खर र ढुंगा टायलको छानो भएका घरहरु छन् ।



फोटो 14: पुरानो घरको बनावट



फोटो 15: आधुनिक घरको बनावट

**सामुदायिक भवन**

यस गाउँपालिकामा जम्मा २३ वटा सामुदायिक भवन रहेका छन् । सामुदायिक भवनमा युवा क्लब, आमा समूह भवन, तथा कृषक समूह भवनहरु समेत पर्दछन । यस्ता समुदायिक भवनहरू सामाजिक कार्यक्रम गर्ने, बैठक तथा गोष्ठी जस्ता कार्यक्रमको लागि प्रयोग भईरहेका छन । पालिकाको वडा नं २ मा ६ , वडा ३ मा २, वडा ४ मा सबै भन्दा बढी २१ र वडा ५ मा ३ वटा सामुदायिक भवन रहेका छन् । विभिन्न संघ संस्था तथा पालिका तथा वडाको सझेदारीबाट निर्माण भएका हुन् । यस्ता भवनहरू धेरैजसो पक्की नै रहेका छन् । त्यसैगरी सामुदायिक भवनमा खानेपानी, शौचालय फर्निचरको कमि जस्ता समस्या रहेका छन् ।

तालिका 14 नेत्रावती डबजोङ गाउँपालिकामा रहेका सामुदयिक भवनको विवरण

| वडा नं. | सामुदायिक भवनको नाम | सहयोगी निकाय |
|---|---|---|
| २ | ताङ्चोमाने सामुदायिक भवन | गाउँपालिका |
| २ | केबरा सामुदायिक भवन | गाउँपालिका |
| २ | धाराधिरी सामुदायिक भवन | गाउँपालिका |
| २ | मार्पाक सामुदायिक भवन | गाउँपालिका |
| २ | तल्लो पोखेर सामुदायिक भवन | गाउँपालिका |
| २ | मार्पाक सामुदायिक भवन | गाउँपालिका |
| ३ | टिकाढुङ सामुदायिक भवन | Action Nepal/गाउँपालिका |
| ३ | चौतारा टोल सामुदायिक भवन | Action Nepal/गाउँपालिका |
| ४ | थर्पु सामुदायिक भवन | Action Nepal/गाउँपालिका |
| ४ | तल्लो धोर्मु सामुदायिक भवन | वडा |
| ४ | दुईघरे सामुदायिक भवन | वडा |
| ४ | नया बस्ति सामुदायिक भवन | वडा |
| ४ | कालामाटा सामुदायिक भवन | गाउँपालिका |

| वडा नं. | सामुदायिक भवनको नाम | सहयोगी निकाय |
|---|---|---|
| ४ | लापाङ सामुदायिक भवन | गाउँपालिका |
| ४ | तल्लो सल्ले सामुदायिक भवन | Action Nepal/गाउँपालिका |
| ४ | माथिल्लो सल्ले सामुदायिक भवन | वडा |
| ४ | कुपिन्ड़े सामुदायिक भवन | वडा |
| ४ | घट्टेगाउँ सामुदायिक भवन | वडा |
| ४ | हजारे सामुदायिक भवन | वडा |
| ४ | आपतकालीन सामुदायिक भवन | रेड क्रस |
| ५ | बाहुनगाउँ सामुदायिक भवन | |
| ५ | चरङ्गे सामुदायिक भवन | |
| ५ | रिप सामुदायिक भवन | |

(वडा भेला/ छलफल, २०७९)

### २.४.३. सडक, पुल तथा यातायात

राष्ट्रिय स्तरको रणनैतिक मार्ग मध्यपहाडी लोकमार्गले (पुष्पलाल मार्ग ) नेत्रावती डबजोङ गाउँपालिकालाई विभिन्न छिमेकी जिल्ला संग प्रत्यक्ष रुपमा जोडेको छ । त्यसैगरी धादिङ- शाङकोष-टोड्के- कटुन्जे-सेमजोङ – टिकाढुङ सडकले पालिकालाई जिल्ला सदरमुकाम धादिङबेसी जोड्छ भने अर्को महत्वपूर्ण सडक त्रिशुली – सामरी – भर्याङभुरुङ- सेम्जोंङ – टिकाढुङ सडकले पालिकालाई नुवाकोटको त्रिशुली बजार संग जोड्दछ (गाउँपालिकाको पार्श्वचित्र, २०७५)। यस बाहेक टोड्के- कुभिन्डे सडक, भर्यांगभुरुङ-थर्पु-सेमजोङ सडक, भर्याङभुरुङ- गुठी बजार-भोक्टेनी-सेमजोङ- मार्पाक सडक, चरङगे- बेतिनी माउत सडक र टोड्के पुजारी डाँडा-बाहुनगाउँ – मैया देवी सडक पालिकामा पर्ने मुख्य सडकहरु हुन् *(स्रोतःपूर्वाधार शाखा, नेत्रवती डबजोङ गा.पा.)*। यी सडकले पालिकाका ५ वटै वडा लाई जोडेका छन् ।

पालिकाले बाह्रै महिना यातयात संचालन गर्ने उद्देश्यले सडकको स्तरोन्नतिको कार्य प्राथमिकताका साथ अगाडी बढिरहेको छ । पालिकाले मुख्य सडकहरुको स्तरोन्नति गर्दा अनिवार्य नाला बनाउने तथा सडक निर्माणका योजनामा कम्तिमा २० प्रतिशत रकम bioengineering मा प्रयोग गर्ने नीति लिएको छ ।

गाउँपालिकामा धेरै जसो वस्तीमा सडक संजाल पुगेको छ । यी मध्ये धेरै जसो सडक कच्ची छन्भाके क्सदक्का खी खण्डहरु ग्राभेल भएका छन् । पालिकाका सडक स्तरोन्नतिको निरन्तर रुपमा भईरहेका छन् ।




फोटो 16 पालिकाका सडकको विद्यमान अवस्था

गाउँपालिकाको भर्याङभुरुङ- गुठी बजार-भोक्टेनी-सेमजोङ- मार्पाक सडकमा सार्वजनिक यातायात संचालन हुन्छ । पलिकबाट सिधै काठमाडौँ, धादिङबेसी सम्म सार्वजनिक यातायात संचालन हुन्छ । सार्वजनिक यातायात निजि सवारी साधन भने अन्य धेरै सडक खण्डमा संचालन हुन्छन । गाउँपालिकामा चल्ने यातायातका साधनहरूमा मोटरसाइकल मुख्य हुन् । त्यसैगरी बस, जिप, ट्रक, ट्रयाक्टर पनि छिटपुट रुपमा चल्छन ।

मुख्यतया स्थानीय उत्पादनहरु पशुजन्य उत्पादन पालिका बाहिर लान तथा लत्ताकपडा, खाद्यान्न, कृषि सामग्री (मल, विउ)निर्माण सामग्री (सिमेन्ट, बालुवा, डण्डि, जस्तापाता आदि) जस्ता समाग्रीहरू पालिकामा आयात गर्न ठुला मालबाहक ट्रक पनि चल्छन । गाउँपालिकामा भएका सडकहरुमा सुख्खा महिनामा यातायात संचालन भएता पनि आवश्यक स्थानमा कल्भर्ट, ग्याविन वाल, नालीको व्यवस्था नभएका तथा कच्ची सडक भएकोले वर्षातको मौसममा भने सबै ठाउँमा यातायात संचालनमा समस्या छ ।

**बसपार्क तथा बस बिसौनी**

नेत्रावती डबजोङ गाउँपालिकामा हालसम्म कुनै बसपार्क बनेको छैन । टिकाढुङ र मार्पाकको मिलन बजारमा दैनिक रुपमा काठमाडौँ तथा धादिङबाट आउने बस अस्थाई रुपमा राख्ने गरिएको छ । पालिकाको टिकाढुङमा बस स्ट्यान्ड रहेको छ । वडा स्तरमा भएको छलफलका अनुसार नेत्रावती डबजोङ गाउँपालिका वडा नं ३ को सेमजोङ बजार बसपार्कका लागि उपयुक्त स्थान हो । आवश्यकता हेरी उपयुक्त स्थानमा बस स्ट्यान्ड तथा बस बिसौनी राख्न सकिन्छ ।

तालिका 15: बसपार्क वा बस स्टेसन

| **बसपार्क** | **वडा नं** |
|---|---|
| मार्पाक मिलनबजार अस्थाई बसपार्क | १ |
| फुनडाँडा अस्थाई बसपार्क | २ |

| | |
|---|---|
| टिकाढुङ अस्थाई बसपार्क | ३ |
| चौतारा  अस्थाई बसपार्क | ३ |
| सल्ले बजार अस्थाई बसपार्क | ४ |
| कटुन्जे बजार अस्थाई बसपार्क | ५ |
| चरंगे अस्थाई बसपार्क | ५ |

(गाउँपालिकाको पार्श्वचित्र, २०७५)

## पुल तथा कल्भर्ट

गाउँपालिकाको भिभिन्न स्थानमा झोलुंगे पुल, पक्कि पुल, कल्भर्ट तथा कजवेहरु रहेका छन् । पालिकामा रहेका पुलहरुको विवरण निम्नानुसार रहेको छ ।

तालिका 16: पुल तथा कल्भर्टको विवरण

| पुलको नाम | जोडिने स्थान | | पुलको प्रकार |
|---|---|---|---|
| | दायाँ | बायाँ | |
| लपाङ | त्रिपुरासुन्दरी | मार्पाक | झोलुङगे पुल |
| रिठ्ठाबोटे | त्रिपुरासुन्दरी | राम्चे मार्पाक | झोलुङगे पुल |
| लामिडाँडा | कटुन्जे | मार्पाक | झोलुङगे पुल |
| किन्ताङफेदी | दार्खा | मार्पाक | झोलुङगे पुल |
| किन्ताङफेदी | सतीदेवी | धोकरपुर् | झोलुङगे पुल |
| लापाङ खोला | माहुत | बेतिनी | झोलुङगे पुल |
| लापाङ खोला | तल्लो पोखरा | ताङजोमाने | झोलुङगे पुल |
| भर्यागभुरुङ खोला | भर्यागभुरुङ | मेघाङ गा.पा. | १ झोलुङगे पुल<br>१ पक्कि पुल |
| थोपल खोला | कालामाटा | निलकण्ठ ना.पा. | १ झोलुङगे पुल<br>१ पक्कि पुल (निर्माणाधीन) |
| थोपल खोला | घोर्मु | निलकण्ठ ना.पा. | झोलुङगे पुल |
| थोपल खोला | हजारे | निलकण्ठ ना.पा. | झोलुङगे पुल |
| थोपल खोला | तमै | निलकण्ठ ना.पा. | झोलुङगे पुल (निर्माणाधीन) |
| आउती खोला | हजारे | निलकण्ठ ना.पा. | |
| आउती खोला | बाहुनगाउँ | त्रिपुरासुन्दरी  गा.पा. | |

| | | | |
|---|---|---|---|
| चरङ्गे खोला | चरङ्गेफेदी | त्रिपुरासुन्दरी गा.पा | |
| भ्याकुर खोला | जलजले फाँट | त्रिपुरासुन्दरी गा.पा | |
| लापाङ खोला | सिउरेनी | लामीडाँडा | |
| मुसुरे भन्ज्याङ पुल | हजारे | बाहुनडाँडा | |

(गाउँपालिकाको पार्श्वचित्र, २०७५) *र स्थलगत अध्ययन*

## २.४.४. विद्युत तथा वैकल्पिक उर्जाको स्थिति

नेत्रावती डबजोङ गाउँपालिकाका सबै वडामा राष्ट्रिय प्रसारण लाईन माफर्त विद्युत सेवा पुगेको छ । पालिकाका ९५ % परिवारले वत्ति बाल्नका लागि विद्युत्को प्रयोग गर्दछन । त्रिशुली जलविद्युत आयोजनाको फिडर लाईनबाट विद्युत वितरण भईरहेको छ । त्यसैगरी वसा नं १ को निमार्चोकमा ११ कि.वा. को र बोराङमा ४५ कि.वा.को लघु जलविद्युत आयोजनाबाट पनि विद्युत वितरण भईरहेको छ (गाउँपालिकाको पार्श्वचित्र, २०७५)।


फोटो 17 वडा नं ५ को कटुन्जे बजारमा रहेको ट्रान्सफर्मर

वडाका विभिन्न स्थानहरूमा १००, ५०, २५, केभिए क्षमताका ट्रान्सफर्मरबाट विद्युत वितरण भईरहेको छ । विद्युत वितरणका लागि काठ तथा फलामका खम्बाहरुको प्रयोग गरिएको छ । जिर्ण भएका तथा काठका पोल हटाएर फलामे पोल राख्नका लागि पालिकाले प्रयास गरिरहेको छ ।

पालिकामा विद्युत नियमित नहुने, ट्रांस्फर्मरको क्षमता कम भएको, कम भोल्टेजको विद्युत प्रवाह हुने जस्ता समस्या रहेका छन् । विद्युत भोल्टेज कम भएका कारण कुनै साना तथा घरेलु उद्यम संचालन गर्न समेत समस्या रहेको छ ।

## २.४.५. खानेपानी तथा सरसफाई

नेत्रावती डबजोङ गाउँपालिकाका सबै वडामा खानेपानीको सुबिधा पुगेको छ । गाउँपालिकामा विभिन्न स्रोतबाट खानेपानीको आपूर्ति भईरहेको छ । पालिकाको ३७.४९ परिवारले पाईपधाराबाट खानेपानीका, ६१.२५ सार्वजनिक धारा बाट र बाँकि कुवा,/मुलको पाली प्रयोग गर्दछन (गाउँपालिकाको पार्श्वचित्र, २०७५) ।

नेत्रावती डबजोङ गाउँपालिकामा खानेपानीका विभिन्न आयोजन संचालनमा रहेका छन् । जसले स्थानीय स्तरमा खानेपानी वितरणमा सहयोग गरिरहेका छन् । पालिकामा खानेपानीको आपूर्ति सहज बनाउने उद्देश्यले कटुन्जे बजार डीप बोरिंग खानेपानी आयोजना पनि संचालनमा रहेको छ ।



फोटो 18: खानेपानी मुहान



फोटो 19: खानेपानी रिजर्भ टंकी

वर्तमान अवस्थामा फोहोर व्यवस्थापन जटिल समस्याको रुपमा नदेखिएपनि दीर्घकालीन रुपमा यसले समस्याको रुप लिन सक्ने हुदा फोहोर व्यवस्थापनको योजना बनाएर अगाडी बढ्नुपर्ने देखिन्छ । गाउँपालिकको भर्याङभुरुङमा एक मात्र सार्वजनिक सौचालय रहेको छ ।

### २.४.६. सूचना, सञ्चार तथा प्रविधि

गाउँपालिकाका सबै क्षेत्रमा मोवाइल सेवाको पहुँच राम्रो छ । पालिकामा ९८.२२ % जनसंख्याले मोबाईलको प्रयोग गर्दछन । त्यसैगरी भने मात्र ४९.४५ % को ईन्टरनेटमा पहुँच रहेको छ । टेलिफोन तथा इन्टरनेट सेवामा घरधुरीको पहुँच बढाउन मोबाइल सेवाको महत्वपूर्ण योगदान रहेको छ । पालिकामा नेपाल टेलिकम, एनसेल र स्मार्टसेलको मोवाईल सेवा सबैभन्दा बढी प्रयोगमा रहेको छ । पालिकाका सबै वडामा विभिन्न एफ एम.तथा रेडियो नेपाल लगायत विभिन्न स्टेशनहरु सुन्न सकिन्छ भने विभिन्न केवल नेटवर्क मार्फत टेलिभिजनको पहुँच पनि राम्रो छ ।

गाउँपालिका कार्यालय तथा सबै वडा कार्यालयमा ईन्टरनेटको सुबिधा छ । पालिकाले कतियाय दैनिक कार्यहरु अँलाईन प्रणालीबाट गर्ने गरेको छ भने वेवसाईटको माध्यमबाट सुचनाहरु पारदर्शी रुपमा सार्वजनिक गर्दै आइरहेको छ । त्यसैगरी पालिकाका विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी जस्ता कार्यालयमा पनि ईन्टरनेटको सुबिधा विस्तार भएको छ ।

### २.४.७. फोहोर व्यवस्थापन तथा ढल निकास प्रणाली

नेत्रवती डबजोङ गाउँपालिकाको कुल घरपरिवार मध्य ९५.९४ % फ्लस भएको सेप्टी ट्यांकमा जोडिएको र बाँकि ४.०६ % ले साधारण सौचालय प्रयोग गर्दछन (गाउँपालिकाको पार्श्वचित्र, २०७५)।

गाउँपालिकाको वातावरण स्वच्छ र सफा रहेको छ । स्थानीयले ठोस फोहोर गाड्ने, जलाउने तथा थुपारेर आफैले व्यवस्थापन गर्ने गरेका छन् । सेमजोङ, मार्पाक बजार, चौतारा, सेल्ले बजार, कटुन्जे बजार, पाटा बजार, टोड्के बजार, चरंगे बजार, भर्यांगभुरुङ जस्ता बजार क्षेत्रको रुपमा विकसित हुदै गएका स्थानमा भने फोहोरमैला व्यवस्थापनमा सामान्य समस्या देखिन्छ । साथै बजार क्षेत्रमा फोहोर पानीको निकासको पनि समस्याको रुपमा देखिएको छ ।

### २.४.८. सिंचाई पूर्वाधार

नेत्रवती डबजोङ गाउँपालिका अधिकांश ब्यक्तिहरु कृषि पेशामा संलग्न छन् । पालिकाको कुल क्षेत्रफलको करिब ५१.६८% खेतियोग्य जमिन रहेको छ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन सिंचाईको महत्वपूर्ण भूमिका रहन्छ । गाउँपालिकामा खोला, खोल्सी तथा मुल जस्ता स्रोतबाट सिंचाईको भईरहेको छ । सबै वडामा कुनै न कुनै प्रकारका पानीका स्रोतबाट सिंचाई हुदै आइरहेको छ ।

वडा भेलाका क्रममा सहभागी संग गरिएको छलफलका अनुसार सिंचाई योजना, पानीका मुल, खोल्सा खोल्सी बाट करिब १६३३ हेक्टर जमिनमा सिंचाई पुगेको छ । लापाङ खोला, थोपल खोला, मोटुवा खोला, हेगु खोला, गोरम खोला , चिमो खोला, कुपिन्ड़े खोला, आठपालो मुहान, चिसोपानी आदि सिंचाईका मुख्य स्रोत हुन् ।

जिर्ण कुलो तथा पूर्वाधार, पानीको चुहावट, मौसमी सिंचाई, मम्मत सम्भारको कमि, सिंचाई सम्बन्धि व्यवस्थापनका लागि कुनै संस्थागत व्यवस्था नभएको जस्ता समस्याका कारणले प्रशस्त पानीका स्रोतहरू तथा थुपै सिचाई योजनाहरू भएतापनि यसको उचित प्रयोग तथा व्यवस्थापन हुन सकेको छैन । सिंचाईको उचित व्यवस्थापन गरी सबै कृषियोग्य जमिनमा सिंचाईको व्यवस्था गर्न सके कृषि उत्पादन बढाई गाउँपालिकालाई खाद्यन्नमा आत्मनिर्भर बनाउन सकिने सम्भावना छ । गाउँपालिकामा भएका मुख्य सिंचाई योजनाहरु अनुसूचीमा उल्लेख गरिएको छ ।

### २.४.९. भूमिहीन तथा सुकुम्बासी

नेत्रवती डबजोङ गाउँपालिकामा न्युन घरपरिवार मात्र भूमिहीन रहेका छन् । भुमिहिन हुनेहरुमा आफ्नो जग्गाको नापी नक्शा नभएको, बाउ तथा बजेको नाम बाट नामसारी नगरेको तथा कुनै विपति (बढी, पहिरो) मा परेका कारणले भूमि भएको देखिन्छ । गाउँपालिकामा सुकुम्बासीको समस्या भने त्यति देखिदैन । भूमि आयोग मार्फत यस्त समस्या समाधान गर्न पहल गरिरहेको छ ।

## २.५. वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१. वन तथा जैविक विविधता

नेपालको कुल क्षेत्रफलको ४४.७४ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ । पर्यावरणीय सन्तुलनका दृष्टिकोणले कुल जमिनको ४० प्रतिशत जमिन वन क्षेत्रले ढाकिएको हुनुपर्दछ । नेत्रवती डबजोङ गाउँपालिकाको कुल क्षेत्रफल मध्ये करिब ३९.३० % वन क्षेत्रले ढाकेको छ ।

यहाँको वन क्षेत्रमा पाइने मुख्य वनस्पतिमा उत्तिस, सल्लो, लोठ सल्लो, पहेले, काभ्रो, खन्यु, चुथ्रो, गुराँस, फुस्रे, लोक्ता, खयर, अर्घेली, बर, पिपल, बराठ, कुटमिरो, बदहर, चिलाउने, सिमल, साल, आदि हुन् । यहाँका वन क्षेत्रमा अमला, चिराईतो, पाखनबेद, टिमुर, ठुलो ओखती, बोझो, तितेपाती, मजिटो, कुरिलो, जस्ता जडिबुटी पाईन्छ । त्यसैगरी पशुपन्छीमा निगाले बाघ, बाँदर, खरायो, दुम्सी, स्याल, घोरल, सालक, मृग, थार, निगाले, चितुवा, घस्रने जनावरमा सर्प, पानी सर्प, गोहोरो, भ्यागुता, कछुवा, पाईन्छन । चराचुरुंगीमा कोइली, डाँफे, कालिज, ढुकुर, न्याउली, लुइचे, काग, बट्टाई, भ्याकुर, रुपी, भंगेरा, गौथली तथा अनेकौ किटपतंगहरु पाईन्छ । नेत्रवती डबजोङ गाउँपालिकामा मौसमी विविधता हुनाले गाउँपालिका जैविक विविधताका दृष्टिले धनी रहेको पाईन्छ ।

पालिकामा रहेका सामुदायिक वनहरु स्थानीय वन उपभोक्ता समुहद्वारा संरक्षण तथा व्यवस्थापन हुदै आइरहेका छन् । सामुदायिक बनको संरक्षण र प्रयोग सम्बन्धि सम्पूर्ण कार्य वन उपभोक्ता समुहले गर्दै आइरहेका छन् । स्थानीयहरू यी वा वनबाट घास, दाउरा, काठ, स्याउला, पत्कर, जडिबुटी, चरिचरन आदिको प्रयोग गरिरहेका छन् । पालिकामा रहेका सामुदायिक वनको विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ।

स्थानीयका अनुसार अन्य स्थानमा जस्तै यस बेमौसमी पानी पर्ने, बालीनाली पाक्ने समयमा परिवर्तन, फुल फुल्ने समयमा परिवर्तन, पानीका मुल सुक्दै जानु, नयाँ- नयाँ प्रजातिका फल फल्ने तथा स्थानीय रैथाने जातिका विउ विजन हराउदै गएका, कृषि तथा पशुमा नयाँ रोग देखिनु जस्ता जलवायु परिवर्तनका प्रभाब देखिदै गईरहेका छन् ।

### २.५.२. वनजंगल

गाउँपालिका प्राकृतिक सम्पदाका दृष्टिले सम्पन्न छ । गाउँपालिकाको कुल क्षेत्रफलको ३९.२ % भूभाग वन क्षेत्रले ढाकेको छ, भने ३.४ % झाडी क्षेत्रले ओगटेको छ । गाउँपालिकामा जम्मा २८ वटा सामुदायिक वन र ३५ वटा कबुलियत बन रहेका छन् (डिभिजन बन कार्यालय धादिंग, वार्षिक प्रतिवेदन, २०७७/०७८) ।

यहाँ पाइने मुख्य वनस्पतिहरुमा कटुस, उत्तीस, चिलाउने, सल्ला, साल, रुदिलो, क्यमुना, जमुना, कुरिलो आदि हुन् । यहाँका वन क्षेत्रमा अमला, पाखनबेद, टिमुर, बोझो, तितेपाती, मजिटो, कुरिलो, जस्ता जडिबुटी पाईन्छ । त्यसैगरी बाघ, भालु, बाँदर, खरायो, दुम्सी, स्याल, घोरल, मृग, जस्ता जनावर तथा कोइली, कालिज, ढुकुर, न्याउली, लुइचे, बट्टाई, भ्याकुर, काग, भंगेरा, गौथली जस्ता चराचुरुंगी तथा अनेकौ किटपतंगहरु पाईन्छ । स्थानिय वासिहरु घाँस, दाउरा, काठ तथा चरिचरनका लागि वन क्षेत्र प्रयोग गरीरहेका छन् ।

### २.५.३. जलस्रोत

नेत्रावती डबजोङ गाउँपालिकामा प्रशस्त पानीका स्रोत रहेका छन् । विभिन्न खोला, खोल्सी तथा मूल पानीका मुख्य स्रोत हुन् । स्थानीयहरु सिंचाई, खानेपानी तथा वस्तुभाउलाई खुवाउनको लागि यिनै पानीका स्रोतमा निर्भर रहेका छन् । गाउँपालिकामा रहेका विभिन्न पानीका स्रोतहरु तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका 17: पालिकामा रहेका मुख्य पानीका स्रोतहरुको विवरण

| क्र सं | पानीको स्रोत भएको स्थान | स्रोतको प्रकार | हालको प्रयोग |
|---|---|---|---|
| १ | लपाङ खोला | खोला | खानेपानी |
| २ | मडुवा खोला | खोला | खानेपानी |
| ३ | मजुवा खोला | खोला | सिंचाई |
| ४ | भर्याङभुरुंग खोला | खोला | सिंचाई |
| ५ | खहरे खोला | खोला | खानेपानी |
| ६ | बसेरी खोला | खोला | खानेपानी |
| ७ | सिमलगैरी खोला | खोला | खानेपानी |
| ८ | कुपिन्ड़े खोला | खोला | खानेपानी |
| ९ | सिस्नेरी खोला | खोला | खानेपानी |
| १० | ठाडो खोला | खोला | खानेपानी |
| ११ | गोरम खोला | खोला | सिंचाई |
| १२ | साउने खोला | खोला | सिंचाई |
| १३ | धरान खोला | खोला | सिंचाई |
| १४ | चिमो खोला | खोल्सी | सिंचाई |
| १५ | चिमो खोला | खोल्सी | सिंचाई |
| १६ | पहरे खोला | खोल्सी | सिंचाई |
| १७ | हेगु खोला | खोल्सी | सिंचाई |
| १८ | मानसिउ खोला | खोल्सी | सिंचाई |
| १९ | थोपल खोला | खोल्सी | सिंचाई |
| २० | पचासे खोला | खोल्सी | सिंचाई |
| २१ | घट्टे खोला | खोल्सी | सिंचाई |
| २२ | खडकरे खोला | खोल्सी | सिंचाई |
| २३ | आठपालो मुहान | मूल | सिंचाई |
| २४ | घोर्ले खोला | खोल्सी | सिंचाई |

| क्र सं | पानीको स्रोत भएको स्थान | स्रोतको प्रकार | हालको प्रयोग |
|---|---|---|---|
| २५ | चिसोपानी | खोल्सी | सिंचाई |
| २६ | भोजा खोला | खोल्सी | सिंचाई |
| २७ | अलैचे खोला | खोल्सी | सिंचाई |
| २८ | गोरसीङ खोला | खोल्सी | सिंचाई |
| २९ | धर्पू खोला | खोल्सी | सिंचाई |
| ३० | गगुल धुपी | मूल | खानेपानी |

( वडा भेला/छलफल, २०७९)

### २.५.४. खानी तथा खनिज

नेत्रावती डबजोङ गाउँपालिकामा खानी तथा खनिज सम्बन्धि कुनै अध्ययन तथा अनुसन्धान भएको पाईदैन । यद्यपि स्थानीयले खोला बाट ढुंगा, बालुवा निकालेर प्रयोग गर्दै आइरहेका छन् । पहाडी क्षेत्र भएकोले प्राय सबै जसो स्थानमा ढुंगा पाईन्छ भने खोलाका किनार बालुवा पाइने मुख्य स्थान हुन् ।

### २.५.५. प्राकृतिक प्रकोप जोखिम क्षेत्र

यस गाउँपालिकामा प्राकृतिक प्रकोपका दृष्टीले जोखिमयुक्त स्थानहरू धेरै रहेका छन् । बाढी, पहिरो, कटान यहाका प्रमुख प्राकृतिक प्रकोपहरू हुन । यस्ता प्रकोपको नियन्त्रणको लागि कुनै ठोस कदम चालिएको छैन । यद्यपी सडक छेउको पहिरो जोखिम क्षेत्रमा ग्याविन वाल बनाउने, खोला नियन्त्रणका लागि तारजाली लगाउने जस्ता जोखिम न्यूनीकरणका प्रयास हुदै आइरहेका छन् ।

तालिका 18: पालिकामा रहेका प्रमुख जोखिम क्षेत्रहरु

| वडा नं. | जोखिम क्षेत्र | जोखिम हुनुको कारण |
|---|---|---|
| २ | केबरा माउत | पहिरो |
| २ | ताखु | पहिरो |
| ३ | गोगु खोला पहिरो | पहिरो |
| ३ | बिरकाले भिर पहिरो | पहिरो |
| ४ | नयाबस्ती | पहिरो,बाढी |
| ४ | कालामाटा | पहिरो,बाढी |
| ४ | नयाबस्ती | पहिरो,बाढी |
| ४ | छाप | पहिरो |
| ४ | सल्ले बेसी खेत | बाढी |

| वडा नं. | जोखिम क्षेत्र | जोखिम हुनुको कारण |
|---|---|---|
| ४ | थर्पु | पहिरो |
| ५ | सिस्नेरी पाखा | पहिरो |
| ५ | बिहार थोक | पहिरो |
| ५ | चरङ्गे फेदी | बाढी |
| ५ | अलैचे | पहिरो |

( वडा भेला/छलफल, २०७९)

## २.६. सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१. स्थानीय ऐन तथा कानुनहरु

स्थानीय तहलाई नेपालको संबिधान ( २०७२), स्थानीय सरकार संचालन ऐन २०७४, तथा अन्य विभिन्न कानुनले दिएको अधिकार प्रयोग गर्न, गाउँपालिकाको दैनिक प्रशासन संचालन गर्न, गाउँपालिकाबाट हुने कामकाज पारदर्शी, जवाफदेही, उत्तरदायी बनाई सुशासन कायम गर्न तथा स्थानीय जनातालाई पुर्याउनु पर्ने सेवा सुबिधा निर्बाध रुपमा छिटो छरितो रुपमा पुर्याउन गाउँसभाले विभिन्न ७ वटा ऐन, ६ नियमावली, २ निर्देशिका र २९ कार्यविधि तयार गरी लागु गरेको छ । नेत्रवती डबजोङ गाउँपालिकाले तर्जुमा गरी लागु गरेका कानुनहरु अनुसूचीमा प्रस्तुत गरिएको छ ।

### २.६.२. समिति गठन

गाउँ कार्यपालिकाबाट गरिने कार्यलाई नियमित तथा व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ र नेपालको संबिधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी नेत्रवती डबजोङ गाउँपालिकाले विभिन्न विषयगत समितिहरु बनाई गाउँपालिकाको कार्य सम्पादन गरिरहेको छ । यस्ता समितिमा कार्यपालिका सदस्यहरु संयोजक तथा सदस्य रहन्छन । गाउँपालिकामा देहायका ६ वटा समिति तथा उपसमितिहरु गठन भएका छन् ।

क. सार्वजनिक सेवा तथा क्षमता विकास समिति
ख. आर्थिक विकास समिति
ग. सामाजिक विकास समिति
घ. पूर्वाधार विकास समिति
ङ. वातावरण तथा विपद व्यवस्थापन समिति
च. विधेयक समिति

### २.६.३. संस्थागत व्यवस्था तथा सुशासन

कुशल मानव संसाधन, संस्थागत क्षमता र साधनहरू संगठन विकासका आधारभूत तत्व हुन्। संगठनले अपनाएका नीति, रणनीति, योजना, कार्यक्रम तथा अन्य कारकहरू हुन्, जसले संगठनको कुशल व्यवस्थापनमा तथा संचालनमा महत्त्वपूर्ण भूमिका खेल्दछन । त्यसैगरी नीति, रणनीति, योजना तथा कार्यक्रमले पूर्व निर्धारित उद्देश्यहरू प्राप्त गर्न संगठनलाई मार्गनिर्देशन समेत गर्दछ । यी आधारभूत तत्व बिना संगठनको समुचित विकास सम्भव छैन । त्यसैले परिमाणमुखी विकास प्राप्त गर्न योजना, कार्यक्रम र रणनीतिहरूको संयोजन आवश्यक छ । जनसहभागिता, जवाफदेहिता र पारदर्शिता सुनिश्चित गरी स्थानीय सरकारको कार्य र सेवा वितरण संयन्त्र सजिलो, छिटो छरितो, प्रभावकारी र सेवाग्राही मैत्री हुनुपर्दछ । त्यसैगरी गाउँपालिका योजना तथा कार्यक्रम तयार गर्दा स्रोत साधनको अधिकतम उपयोग गर्ने, सामाजिक समावेशीकरण एवं समानतालाई आत्मसाथ गर्ने जस्ता विषयलाई ध्यानमा राखेर तयार गर्नुपर्दछ ।

सेवाग्राहिलाई छिटो छरितो रूपमा सेवा प्रवाह गर्न तथा तोकिएको समयमा कार्य सम्पादन गर्न क्षमता विकासका विभिन्न तालिमहरू संचालन साथै सुचना तथा प्रविधिको अधिकतम उपयोग गरी गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउनु जरूरी छ । स्थानिय सरकार संचालनका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनसंख्याका आधारमा स्थानीय सरकारलाइ निर्देशन गर्न दरबन्दी तेरिज निर्धारण गरेको छ । यद्यपी स्थानीय तहको आवश्यकता र क्षमताका आधारमा दरबन्दी सृजना गर्न तथा कर्मचारी भर्ना गर्न सक्ने व्यवस्था समेत रहेको छ ।

### २.६.४. संगठनात्मक विकास

**मानव संसाधनको अवस्था**

हाल गाउँपालिकाका विभिन्न शाखा जम्मा १९ जना र वडामा १० गरि जम्मा २९ कर्मचारी कार्यरत छन् । यसका साथै पालिका कार्यालय तथा वडामा गरि थप ११ जना कर्मचारी करारमा कार्यरत रहेका छन् । पालिकामा जम्मा ६ जना अधिकृत स्तरका र बाँकि २३ जना सहायक स्तरका कर्मचारी रहेका छन् । प्रमुख प्रशासकीय अधिकृतलाई गाउँपालिकामा कर्मचारी व्यवस्थापनको संरचनाको शीर्ष स्थानमा राखिन्छ । गाउँपालिकामा अधिकतम कर्मचारीहरू सहायक तहका रहेका छन् । यी कर्मचारीहरु विभिन्न शाखा तथा उप-शाखामा रहेर कार्य सम्पादन गरिरहेका छन् ।

तालिका 19: नेत्रवती डबजोङ गा.पा. को स्वीकृत कर्मचारी दरबन्दी तेरिज

| पद | तह | सेवा | समुह/ उपसमूह | स्वीकृत दरबन्दी | बाँकि दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सा.प्र. | १ | | |
| इन्जिनियर | ७/८ औ | इन्जिनियरिङ | सिभिल | १ | १ | |
| अधिकृत | ७/८ औ | शिक्षा | शि.प्र. | १ | १ | |
| अधिकृत | ७/८ औ | प्रशासन | लेखा | १ | १ | |
| अधिकृत | ६ औ | प्रशासन | सा.प्र. | २ | २ | |
| अन्तरिक लेखा परिक्षण | ५ औ | प्रशासन | लेखा | १ | १ | |
| सहायक | ५ औ | प्रशासन | सा.प्र. | ४ | ४ | |
| कम्प्युटर सहायक | ५ औ | विविध | | १ | १ | |
| लेखा सहायक | ५ औ | प्रशासन | लेखा | १ | १ | |
| प्रा.स. | ५ औ | शिक्षा | शि.प्र. | १ | १ | |
| हे.अ. | ५/६ औ | स्वास्थ्य | हे.ई. | १ | १ | |
| सब-इन्जिनियर | ५ औ | इन्जिनियरिङ | सिभिल | १ | १ | |

| पद | तह | सेवा | समुह/ उपसमूह | स्वीकृत दरबन्दी | बाँकि दरब न्दी | कैफिय त |
|---|---|---|---|---|---|---|
| अ.सब-इन्जिनियर | चौथो | इन्जिनियरिङ | सिभिल | १ | १ | |
| स. महिला विकास निरीक्षक | चौथो | विविध | | १ | १ | |
| ख.पा.स.टे | ४/५ औ | इन्जिनियरिङ | सिभिल/ स्यानिटरी | १ | १ | |
| **गाउँपालिका तर्फ** | | | | **१९** | **१८** | |
| **वडा कार्यालय (५)** | | | | | | |
| सहायक | ५ औ | प्रशासन | सा.प्र. | २ | २ | |
| सब-इन्जिनियर | ५ औ | इन्जिनियरिङ | सिभिल | २ | २ | |
| अ.सब-इन्जिनियर | चौथो | इन्जिनियरिङ | सिभिल | ३ | ३ | |
| सहायक | चौथो | प्रशासन | सा.प्र. | ३ | ३ | |
| **वडा कार्यालय तर्फ** | | | | **१०** | **१०** | |
| **कुल जम्मा** | | | | **२९** | **२८** | |

(http://netrawatimun.gov.np/

गाउँपालिकामा सबै तहका कर्मचारीहरुको कार्य विवरण तयार गरिएको छ । जसले कर्मचारीको दायित्व तथा कार्य दयारा प्रष्ट भई सेवा प्रवाह उतरदाई तथा पारदर्शी हुन्छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोके बमोजिम कर्मचारीको कार्यक्षमता मुल्यांकन गर्ने गरिएको छ जसमा बिषयबस्तुको ज्ञान र सिप,गोपनियता राख्ने क्षमता, निर्देशानुसार काम गर्न सक्ने क्षमता, उपस्थिति र समय पालना, ईमान्दार, नैतिकता र अनुशासनका आधारमा कर्मचारीको मूल्यांकनका गर्ने गरिएको छ । गाउँपालिकाका कर्मचारीहरुको कार्य सम्पादन सम्झौता भने लागु गरिएको छैन ।

कर्मचारीको कार्य क्षमता तथा वृत्ति विकासका लागि विभिन्न संघ, संस्था, प्रदेश तथा संघ बाट समय समयमा विभिन्न विषयमा आयोजना हुने तालिम, प्रशिक्षण तथा सेमिनारमा कर्मचारीहरु सहभागी हुने गरेका छन् ।

**शाखा**

हाल गाउँपालिकाको कार्यालयमा प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका शाखा, सूचना प्रविधि शाखा, पंजीकरण शाखा गरी जम्मा ७ वटा शाखा रहेका छन । यसका साथै प्रधानमन्त्री रोजगार कार्यक्रम र उद्यम विकास कार्यक्रम पनि संचालनमा छन् ।

### २.६.५. योजना व्यवस्थापन

**सूचना प्रविधिको प्रयोग**

गाउँपालिकामा सूचना प्रबिधिको प्रयोगमा सामान्य रुपमा हुदै आएको देखिन्छ। पालिकाको वेवसाईट तयार भई प्रयोगमा आएको छ । पालिकामा भएका सूचना, निर्णयहरु, कानुन, विभिन्न अध्यय प्रतिवेदन तथा पालिकाबाट भएका काम कारबाहीहरु वेवसाईट मार्फत प्रकाशन गर्ने गरिएको छ । त्यसैगरी गाउँपालिका विभिन्न शाखाहरु बीच र वडा र पालिकाबिच नेटवर्किङ गरिएको छ । यसबाट विभिन्न शाखामा भएका तथा वडामा भएका दैनिक काम कारबाही पालिकामा स्वत: अध्यावधिक हुन्छ । गाउँपालिकाको सार्वजनिक खरिद, खरिद ऐन २०६३ र नियमावली २०६४ को अधिनमा रही भैरहेको छ । खरिद प्रक्रिया पनि सूचना प्रविधिमा आधारित (e- Procurement) छ ।

नेत्रवती डबजोङ गाउँपालिकामा नागरिक बडापत्रको व्यवस्था गरिएको छ । जसले नागरिकलाई गाउँपालिकाबाट सम्पादन हुने कार्य, सो कार्यका लागि आवश्यक कागजात, सम्बन्धित कर्मचारी तथा सेवा प्राप्त गर्न पुर्याउनु पर्ने सम्पूर्ण प्रक्रियाका बारेमा सहजै जानकारी प्राप्त हुन्छ ।

गाउँपालिकामा हुने काम पारदर्शी बनाउन तथा कर्मचारीलाई उत्तरदायी तथा जवाफदेही बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण नियमित रुपमा हुन्छ । सेवा ग्राहिको गुनासो सुन्न तथा सेवालाई सेवाग्राही मैत्री बनाउन पालिकामा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । गाउँपालिका तथा वडाबाट संचालन हुने सबै योजना तथा कार्यक्रमको गाउँपालिका उपाध्यक्षको नेतृत्वमा प्राबिधिक समेतको टोलीले अनुगमन तथा मुल्यांकन अनिवार्य रुपमा गर्ने गरिएको छ ।

### २.६.६. स्रोत व्यवस्थापन

वि.सं. २०७३ फागुनमा गाउँपालिकाको स्थापना भएपछी स्वायत्त सरकारको रुपमा कार्य संचालन गर्दै आइरहेको छ । नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धीका विभिन्न प्रावधानहरु रहेका छन् । नेपालको संबिधानको अनुसूची ८ मा भएको व्यवस्था अनुसार स्थानीय तहले विभिन्न विषयमा राजस्व संकलन गरिरहेको छ ।

मुख्यतया गाउँपालिकाको आय स्रोतलाई अन्तरिक स्रोत र बाहय स्रोत गरी दुई भागमा बिभाजन गर्न सकिन्छ ।

**अन्तरिक स्रोत**: अन्तरिक स्रोतमा पनि कर राजस्व र गैर कर राजस्व गरी दुई प्रकारका कर संकलन गर्ने गरेको छ । भूमिकर /मालपोत, कर, एकिकृत सम्पति कर, व्यवसाय कर, बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, दर्ता नविकरण दस्तुर, नक्शापास दस्तुर, नाता प्रमाणित दस्तुर, व्यक्तिगत घटना दर्ता शुल्क जस्ता शिर्षकमा कर संकलन गरिरहेको छ ।

**बाहय स्रोत:** नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान, समानीकरण अनुदान, विशेष अनुदान, समपुरक अनुदान र राजस्व बाँडफाँड, प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान, समानीकरण अनुदान, विशेष अनुदान, र राजस्व बाँडफाँडबाट प्राप्त आय ।

## जनसहभागिता परिचालन

नेत्रवती डबजोङ गाउँपालिकाले कुनै पनि पूर्वाधार विकास गर्दा लागत सहभागिताको नीति अवलम्बन गर्दै आईरहेको छ । पालिकाले १० देखि ४० प्रतिशत सम्म लागत सहभागिता गर्दै आएको छ । पूर्वाधार विकासमा स्थानीय जनसहभागिता जुटाउन तथा सार्वजनिक सम्पति प्रति अपनत्वको भावना विकास गर्न जनसहभागिता एक उत्कृष्ट औजार हो ।

## विकास सझेदार संस्था

नेत्रवती डबजोङ गाउँपालिकामा विकास सझदार संस्थाले विभिन्न क्षेत्रमा सहयोग गर्दै आइरहेका छन् । यस्ता संस्थाले मुख्यतया सिप विकास, लैंगिक समानता, महिला सशक्तिकरण, बल संरक्षण, फोहोरमैला व्यवस्थापन, खेलकुद प्रवर्धन, वित्तीय साक्षरता, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, नेतृत्व क्षमता विकास, व्यवसायिक तथा सिपमुलक तालिम, वातावरण संरक्षण, प्रकोप व्यस्थापन, संस्कृति जगेर्ना, खानेपानी व्यवस्थापन जस्ता क्षेत्रमा सहयोग गर्दै आइरहेका छन् । गाउँपालिकामा कार्य गर्ने सहयोगी संस्थाको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

# परिच्छेद ३. अनुसूची

तालिका

## १. नेत्रवती डबजोड गाउँपालिकाका मुख्य बस्तीहरु

| वडा नं. | मुख्य वस्तीको नाम | मुख्य जातजाती | घरधुरी संख्या |
|---|---|---|---|
| १ | मार्पाक | तमाङ, गुरुङ, ब्राहमण, क्षेत्रि, दलित | १०३ |
| १ | पोल्चेत | तमाङ, ब्राहमण | ८० |
| १ | लामीडाँडा | तमाङ | ५० |
| १ | थला खानि गाउँ | तमाङ, मगर, घले | ९० |
| १ | निर्मारचोक बोक्राङ | क्षेत्रि, ब्राहमण, मगर, दलित, तमाङ, गुरुङ | २५० |
| १ | आरुखर्क पन्तटार टोल | क्षेत्रि, ब्राहमणमगर, तमाङ, गुरुङ | ९० |
| १ | सष्टारी बोराङ | क्षेत्रि, ब्राहमण ,मगर, तमाङ, गुरुङ | ७० |
| १ | धोकलपुर | तमाङ, नेवार, ब्राहमण, क्षेत्रि | ४० |
| १ | अर्चले | गुरुङ, तमाङ | २२ |
| १ | धारापानी | दलित, घले | ३१ |
| १ | राम्चे | क्षेत्रि, ब्राहमण | ६४ |
| २ | मार्पाक पोखरा | तमाङ, दलित, क्षेत्रि | २०० |
| २ | धाराधिरी ताङ्चो माने | तमाङ | १६५ |
| २ | केबरा माउत | तमाङ, गुरुङ,मगर | ११९ |
| २ | टिकाढुङ | तमाङ | १९० |
| ३ | माथिल्लो गैरा टोल | तमाङ, दलित | ११० |
| ३ | तल्लो गैरा टोल | तमाङ, दलित | १५० |
| ३ | चौतारा | तमाङ, दलित | २७५ |
| ३ | टिकाढुङ | तमाङ | २०० |
| ३ | सेम्जोङ | तमाङ | १५० |

| वडा नं. | मुख्य वस्तीको नाम | मुख्य जातजाती | घरधुरी संख्या |
|---|---|---|---|
| ४ | एकता टोल (नयाँबस्ती काला माटा भरयाङभुरुङ) | दलित, नेवार, तमाङ, गुरुङ, क्षेत्रि, ब्राम्हण | ६० |
| ४ | बिन्दु केसरी टोल (कल्लेरी खजुरीस्वारा दमाई टोल, थर्पु ) | दलित, क्षेत्रि, ब्राम्हण | १२० |
| ४ | तमाई टोले (तल्लो तमाई, माथिल्लो तमाई) | तमाङ, मगर, नेवार | ८० |
| ४ | कुण्डला टोल (छाप गाउँ, थर्पु भन्ज्याङ, डाँडाबारी, हर्कुटे, च्यानडाँडा, दुइघरे टोल) | नेवार, दलित, तमाङ, क्षेत्रि | ६५ |
| ४ | भोक्टेनी टोल (भोक्टेनी, गुठि बजार, छेउगाउँ) | तमाङ, नेवार | ९६ |
| ४ | आरुखर्क, माथिल्लो घोर्मु टोल | गुरुङ, घले | ७५ |
| ४ | तल्लो धोर्मु, दुइघरे टोल | नेवार, तमाङ, घले, गुरुङ | ११० |
| ४ | मन्जुश्री, घोडे मैदान पाङटार, दाम्गाडे(मन्जुश्री टोल) | तमाङ | ४६ |
| ४ | लामा टोल (डाँडाटोल, मुक्तान टोल) | तमाङ | ४२ |
| ५ | कटुन्जे बजार | नेवार, क्षेत्रि, गुरुङ | ७० |
| ५ | गरुंङ गाउँ | गुरुङ, नेवार | १६ |
| ५ | घलेगाउँ | घले, नेवार | २२ |
| ५ | निश्चल टोले | दलित | ४३ |
| ५ | हुलाक गाउँ | तमाङ, दलित, ब्राहमण | ११० |
| ५ | नया छाप | गुरुङ | ३२ |
| ५ | नया खारा | क्षेत्रि, ठाकुरी | १० |
| ५ | क्षेत्रि गाउँ | क्षेत्रि, ठाकुरी | ११ |
| ५ | पुरानो छाप | क्षेत्रि, गुरुङ | ३६ |
| ५ | धमला गाउँ | क्षेत्रि | १७ |
| ५ | पुजारीडाँडा दमाई टोल | दलित, क्षेत्रि, ब्राम्हण | १० |
| ५ | बानेचौर | गुरुङ, क्षेत्रि | २६ |
| ५ | टोड्के गैरीगाउँ | मगर, गुरुङ | २६ |
| ५ | बाहुन गाउँ | ब्राहमण | ५५ |
| ५ | चरंगे | तमाङ, नेवार | १०४ |

| वडा नं. | मुख्य वस्तीको नाम | मुख्य जातजाती | घरधुरी संख्या |
|---|---|---|---|
| ५ | रिप | तमाङ | ६५ |
| ५ | बिहार थोक | क्षेत्रि, ब्राहमण | ३८ |
| ५ | खम्भारे | क्षेत्रि, मगर, गुरुङ | ६ |
| ५ | मजुवा | क्षेत्रि | १६ |
| ५ | अलेचे पोखरा फेदी | नेवार, गुरुङ, क्षेत्रि, दलित | ३५ |
| ५ | लाकुरी | गुरुङ, नेवार | ८ |
| ५ | बेतिनी चुनाराडाँडा | गुरुङ, तमाङ | २२ |

वडा )भेला(२०७९ ,छलफल/

२.

### ३. शैक्षिक संस्थाहरुको विवरण

| वार्ड नं. | शैक्षिक संस्थाको नाम | स्थान/ठेगाना | तह |
|---|---|---|---|
| १ | निरन्जना मा.बि. | मार्पाक बजार | माध्यामिक |
| १ | निमार्चोक आ .बि . | कोटथोक | आधारभुत |
| १ | जनभावना आ.बि. | राम्चे | आधारभुत |
| १ | अन्नपूर्ण आ.बि. | पोल्चेत | आधारभुत |
| १ | मंगलादेवी मा.बि. | बोराङ | माध्यामिक |
| १ | पन्चकन्या आ.वि. | धारापानी | आधारभुत |
| २ | शान्ति आ. बि. | धाराधिरी | आधारभुत |
| २ | थला आ.बि. | तागाङ, तिकादुङ | आधारभुत |
| २ | मार्पाक पोखरा आ. बि. | माथिल्लो पोखरा | आधारभुत |
| २ | श्री ईन्द्रियादेवी आ. बि. | केबरा | आधारभुत |
| ३ | चौतारा मा. बि. | सेमजोङ | माध्यामिक |
| ३ | गैरा आ. बि | गैरा | आधारभुत |
| ३ | Child Care Boarding | चौतारा | आधारभुत |
| ३ | चौतारा बाल विकास | सेमजोङ | बाल विकास |
| ४ | बिन्दुकेशर आ. बि. | थर्पु भन्ज्याङ | आधारभुत |

| वार्ड नं. | शैक्षिक संस्थाको नाम | स्थान/ठेगाना | तह |
|---|---|---|---|
| ४ | कुण्डलादेवी मा. बि. | भोक्टेनी | माध्यामिक |
| ४ | कन्यादेवी आ. बि. | सेल्ले | आधारभुत |
| ४ | घोर्मु बाल विकास | घोर्मु | बाल विकास |
| ४ | दमाई छाप बाल विकास | पोहोरे चौतारो | बाल विकास |
| ४ | सुनकन्या आ. बि. | हजारे | आधारभुत |
| ५ | नारायणदेवी आ. बि. | कटुन्जे | आधारभुत |
| ५ | शान्तिकालि  आ. बि. | चरङ्गे | आधारभुत |
| ५ | बालज्योति बाल विकास | रिप | बाल विकास |
| ५ | नमुना आ. बि. | बिहारथोक | आधारभुत |
| ५ | ज्ञानोदय आ. बि. | मजुवा | आधारभुत |
| ५ | महेन्द्र बाराही मा. बि. | गुरुङ डाँडा | माध्यामिक |
| ५ | महाबिरचुली इङलिस बोर्डीङ स्कुल | वानेचौर | आधारभुत |
| ५ | जटाशंकर आ.वि. | धमलागाउँ | आधारभुत |

( वडा भेला/छलफल, २०७९)

### ४. धार्मिक स्थलको नाम

| वडा नं. | नाम | मुख्य मेला /जात्रा |
|---|---|---|
| १ | ल्हासाङ छोइलिङ बौद्ध गुम्बा | ल्होसार,बौद्ध जयन्ती |
| १ | साङदोप रिपोतला गुम्बा | ल्होसार,बौद्ध जयन्ती |
| १ | सप्तकन्या देवी | मंसिर पुर्णिमा ,जेष्ठ पुर्णिमा |
| १ | सप्तकन्या देवी मन्दिर | बैशाख पुर्णिमा |
| १ | थलाडाँडाको चौतारा | बैशाख पुर्णिमा |
| १ | बाहुन चौतारा | बैशाख पुर्णिमा |

| वडा नं. | नाम | मुख्य मेला /जात्रा |
|---|---|---|
| १ | थिल्चेन गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| १ | घाटोनाथ मन्दिर | |
| १ | बाघभैरब मन्दिर | दशैँ पुर्णिमाको अघिल्लो दिन |
| २ | डबजोङ बौद्ध गुम्बा टीकाढुङ | बौद्ध जयन्ति, ल्होसार |
| २ | ठील्देन तमाङ गुम्बा धराधिरी | बौद्ध जयन्ति, ल्होसार |
| २ | ठुटेमाने मन्सुरी कमान गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| २ | छोचेन गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| २ | निरंजना मन्दिर | माघेसंक्रान्ति |
| २ | मेलुङ गुम्बा केबरा बौद्ध | माघेसंक्रान्ति |
| २ | चिलीङजोङ गुम्बा तिकाढुङ | ल्होसार |
| ३ | गैरा बौद्ध गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| ३ | गौरा छेडुप गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| ३ | चौतारा टासेजोङ गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| ३ | छिलीङ जोड गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| ३ | किलदेन दक्पो गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| ३ | तियामाराङ गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| ३ | चिलिंङ गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| ३ | डबजोङ दरबार | माघेसंक्रान्ति मेला |
| ३ | बिन्दुकेशर महादेव चौतारा | कार्तिक र चैत्र एकदाशी |
| ४ | बिन्दुकेशर मन्दिर | राम नवमि |
| ४ | कुण्डला | मङ्सिर पुर्णिमा |
| ४ | सातकान्यादेवी/महादेव | बौद्ध जयन्ति, ल्होसार |
| ४ | छोइलीङ बौद्ध गुम्बा | बौद्ध जयन्ति ,ल्होसार |
| ४ | सेराब छोइलीङ बौद्ध गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| ४ | चेन्टेगङ गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| ४ | छोइलीङ साङ गुम्बा | बौद्ध जयन्ति, ल्होसार |
| ४ | पन्ध्र कोष | बौद्ध जयन्ति, ल्होसार |
| ४ | पन्चकन्या देवी महादेव | माघेसंक्रान्ति मेला |
| ४ | कन्यादेवी मन्दिर | फागुन पंचमी |

| वडा नं. | नाम | मुख्य मेला /जात्रा |
|---|---|---|
| ४ | जलदेवी मन्दिर | फागु पुर्णिमा |
| ४ | बाघ भैरबी मन्दिर | माघेसंक्रान्ति |
| ४ | देवी मन्दिर | शिवरात्री |
| ४ | भैराबी देवी मन्दिर | माघेसंक्रान्ति मेला |
| ५ | बाराही मन्दिर | भाद्र पुर्णिमा |
| ५ | गोकर्णेश्वर महादेव | मङ्सिर पुर्णिमा |
| ५ | इन्दुकन्या महादेव | शिवरात्री |
| ५ | महाबिर चुली गुफा | शिवरात्री |
| ५ | जट्टाशंखर महादेव | शिवरात्री |
| ५ | हुलाक मण्डली मन्दिर | शिवरात्री |
| ५ | सातकन्या देवी मन्दिर | माघेसंक्रान्ति |

( वडा भेला/छलफल, २०७९)

## ५. दाहासंस्कार स्थल घत) तथा चिहानको विवरण

| वडा नं. | नाम | स्थान |
|---|---|---|
| १ | पोल्चेत चियानडाँडा | पोल्चेत |
| १ | थाला चियनडाँडा | थाला |
| १ | लामीडाँडा चियनडाँडा | लामीडाँडा |
| १ | लापाङ दोभान घाट | लापाङ खोला |
| १ | खहरे दोभान घाट | सप्तरी |
| १ | किन्ताङ खोला दोभान | किन्ताङ फेदी |
| २ | पोखरा डाँडा चीयन | पोखरा डाँडा |
| २ | धाराधीरे घाट | धाराधेरी |
| २ | बाखोर घाट | बाखोर |
| २ | भन्ज्यांग | भन्ज्यांग |
| २ | केउरा धाट | केउरा |
| ३ | चिलिंङजोंङ मरन घाट | चौतारा |

| वडा नं. | नाम | स्थान |
|---|---|---|
| ३ | दोमेन खोला घाट | चौतारा,बि क टोल |
| ३ | पोङ्चेत मरन घाट | टिकाडोम |
| ३ | सेमजोङ मरन घाट | सेमजोङ |
| ४ | थोपा खोला मरन घाट | भर्याङभुरुङ |
| ४ | १५ कोष मारन घाट | १५ कोष डाँडा |
| ४ | चियन डाँडा घाट | चियनडाँडा |
| ४ | लामा सोते घाट | थोपाल खोला |
| ४ | सेले घाट | सेले |
| ५ | नयाँ छाप मरन घाट | नयाँ छाप |
| ५ | अखुखोला मरन घाट | अखुखोला |
| ५ | चरंगे घाट | भेडी खर्क |
| ५ | मंगलादेवी मरन घाट | थोपाल खोला |
| ५ | चियन डाँडा मरन घाट | भन्ज्यांग |
| ५ | चरंगे दोभान मारन घाट | चरंगे |
| ५ | बतेनी चियनडाँडा | बेतेनी |

( वडा भेला/छलफल, २०७९)

## ६. नेत्रवती डबजोङ गाउँपालिकामा हुने कृषि उत्पादन तथा विक्रीको स्थिति

| वार्ड नं. | उत्पादनको नाम | उत्पादन परिमाण (वार्षिक) | विक्रि परिमाण | मुल्य |
|---|---|---|---|---|
| १ | धान | ५६०००केजी | १०००० केजी | प्रति केजी रु. ३५ |
| १ | मकै | १००००० केजी | ३०००० केजी | प्रति केजी रु. ३५ |
| १ | कोदो | ५०००० केजी | २५००० केजी | प्रति केजी रु. ४० |
| १ | गहु | २५००० केजी | | |
| १ | टमाटर | | | |
| १ | काउली | | | |
| १ | सिमी | | | |

| वार्ड नं. | उत्पादनको नाम | उत्पादन परिमाण (वार्षिक) | विक्रि परिमाण | मुल्य |
|---|---|---|---|---|
| १ | बन्दगोभी | | | |
| १ | सुन्तला | | | |
| १ | स्याउ | | | |
| २ | धान | ६ लाख केजी | | प्रति केजी रु. ४० |
| २ | मकै | १६ लाख केजी | | प्रति केजी रु. ४० |
| २ | कोदो | ८ लाख केजी | | प्रति केजी रु. ४० |
| २ | आलु | ६ लाख केजी | | प्रति केजी रु. ५० |
| २ | लसुन | | | |
| २ | प्याज | | | |
| २ | टमाटर | | | |
| २ | काउली बन्दा | | | |
| ३ | मकै | २.१६ लाख केजी | | प्रति केजी रु. ३५ |
| ३ | धान | १.२ लाख केजी | | प्रति केजी रु. ४० |
| ३ | कोदो | १.२ लाख केजी | | प्रति केजी रु. ४० |
| ३ | आलु | ७२००० केजी | | |
| ३ | टमाटर | | | |
| ३ | काउली बन्दा | | | |
| ३ | च्याउ | | | |
| ३ | खुर्सानी | | | |
| ४ | धान | ४ लाख केजी | १००० मुरी | प्रति पाथी रु.१०० |
| ४ | मकै | ४ लाख केजी | | प्रति केजी रु. ४० |
| ४ | कोदो | ५ लाख केजी | | प्रति केजी रु. ४० |
| ४ | आलु | ६ लाख केजी | | प्रति केजी रु. ३५ |
| ४ | तोरी | | | |
| ४ | गहुँ | | | |
| ४ | केरा | | | |
| ४ | टमाटर | ७५०० केजी | ७५०० केजी | प्रति केजी रु. ३५ |
| ४ | काक्रो | | | |

| वार्ड नं. | उत्पादनको नाम | उत्पादन परिमाण (वार्षिक) | विक्रि परिमाण | मुल्य |
|---|---|---|---|---|
| ४ | अदुवा | | | |
| ४ | बेसार | | | |
| ४ | च्याउ | | | |
| ५ | धान | ३.१६ लाख केजी | १५०० मुरी | प्रति केजी रु. ४० |
| ५ | मकै | ६.३२ लाख केजी | ७०० मुरी | प्रति केजी रु. ३० |
| ५ | कोदो | १.९० लाख केजी | | प्रति केजी रु. ३० |
| ५ | आलु | १.४२ लाख केजी | | |
| ५ | गहुँ | | | |
| ५ | तोरी | | | |
| ५ | टमाटर | २५०० केजी | | प्रति केजी रु. ६० |

( वडा भेला/छलफल, २०७९)

## ७. सामुदायिक वन

| वडा नं. | सामुदायिक वनको नाम | स्वामित्व | क्षेत्रफल |
|---|---|---|---|
| १ | ओलीथाप्रे डाँडा | सामुदायिक वन | १८.४२ |
| १ | बाहुन चौतारा | सामुदायिक वन | |
| १ | च्यानडाँडा हलोकाट्ने डाँडा | सामुदायिक वन | ६.७ |
| १ | पातल | सामुदायिक वन | |
| २ | मयलडाँडा कबुलियत वन | कबुलियत वन | |
| ३ | पिपलजोङ महिला | सामुदायिक वन | १९.०६ |
| ३ | धराप | सामुदायिक वन | ५८.९३ |
| ३ | थारखर्क | सामुदायिक वन | |
| ३ | गुम्बा महिला | सामुदायिक वन | ५४. |
| ३ | डबजोङ | सामुदायिक वन | ६९.०४ |
| ४ | कन्यादेवी | सामुदायिक वन | ३० |
| ४ | आदर्श महिला | सामुदायिक वन | ६.५४ |
| ४ | जाल्पादेवी | सामुदायिक वन | ३३ |
| ४ | कुण्डलादेवी | सामुदायिक वन | ३८ |
| ४ | श्री कन्यादेवी | सामुदायिक वन | ३१ |
| ४ | बाघपानी महिला | सामुदायिक वन | २६.२ |
| ४ | तिनतिले भन्ज्याङ बाबियो घारी | सामुदायिक वन | ६३.६३ |
| ५ | पालेको मरणघाट च्यानडाँडा | सामुदायिक वन | १३.१६ |
| ५ | पालेको वन | सामुदायिक वन | ६.२९ |

| वडा नं. | सामुदायिक वनको नाम | स्वामित्व | क्षेत्रफल |
|---|---|---|---|
| ५ | रिप कबुलियत | कबुलियत वन | |
| ५ | हल्लो काट्ने डाडा देविस्थान | सामुदायिक वन | |
| ५ | बेतिनि चुनारा | सामुदायिक वन | १४ |
| ३ | महादेवस्थान थारखर्क | सामुदायिक वन | ९४.४६ |
| ३ | टिकाढुङ | सामुदायिक वन | |
| ४ | च्यानडाँडा | सामुदायिक वन | ८.८ |
| ४ | नमुना महिला | सामुदायिक वन | ३.१ |
| ४ | वेलटारी महिला | सामुदायिक वन | १८ |
| ४ | चिलिम थुम्का | सामुदायिक वन | ३६.८२ |
| ५ | लामीडाँडा देवीस्थान | सामुदायिक वन | २४ |
| ५ | माझडाँडा वनमारा | सामुदायिक वन | ८.३४ |
| ५ | आँपरिठ्ठे | सामुदायिक वन | २७.२५ |
| ५ | ढाडपाखा महाभिर | सामुदायिक वन | १६.४८ |

(वडा भेला/छलफल, २०७९)

## ८. गाउँपालिकामा रहेका सडकको विवरण

| वडा नं. | सडक गोरेटोको नाम | सुरु हुने स्थान | अन्त्य हुने स्थान | लम्वाई (की मी ) | सडकको सतहको प्रकार | सडकको स्तर (Hierarchy) | सडकले समेट्ने वस्तीहरु | सर्वजनिक वस चल्ने वा नचल्ने |
|---|---|---|---|---|---|---|---|---|
| **१** | **सनोकोश-तिप्लिंग-सोम्दंग** | **सनोकोश** | **सोम्दंग** | **४०** | **ग्राभेल** | **जिल्ला सडक** | | |
| **१** | **धादिङबेसी-भर्याङभुरुङ-थर्पु-सम्जोंग्मर्फा** | **धादिङबेसी** | **सम्जोंग्मर्फा** | **४०** | **ग्राभेल** | **जिल्ला सडक** | | |
| १ | सीउरेनी-रामचे | बराल चौतारा | डडरे | २.५ | कच्ची | ग्रामिण | रामचे तल्लोटोल,सीउरेनी | छैन |
| १ | बराल चौतारा-हलडाँडा-निमारचोक | बराल चौतारा | निमार चोक | २ | कच्ची | ग्रामिण | बासपानी, कुवापानी, निमार चोक ,हलडाँडा | छैन |
| १ | तल्लो रामचे-लाम सहर | तल्लो रामचे | लाम सहर | २ | कच्ची | ग्रामिण | माथिलो रामचे, कागुनी | छैन |
| १ | पन्त टार-रीगने | पन्त टार | रीगने | १.५ | कच्ची | ग्रामिण | | छैन |
| १ | खानीगाउँ-वार्ड २ | खानीगाउँँ | वार्ड २ | ३ | कच्ची | ग्रामिण | | छैन |
| १ | सार्कीडाँडा-पोल्चेत | सार्कीडाँडा | पोल्चेत | १ | कच्ची | ग्रामिण | पोल्चेत | छैन |
| १ | निरंजना स्कूल-लपाङ खोला | निरंजना स्कूल | लपाङ खोला | ४ | कच्ची | ग्रामिण | | छैन |

| वडा नं. | सडक गोरेटोको नाम | सुरु हुने स्थान | अन्त्य हुने स्थान | लम्वाई (की मी ) | सडकको सतहको प्रकार | सडकको स्तर (Hierarchy) | सडकले समेट्ने वस्तीहरु | सर्वजनिक वस चल्ने वा नचल्ने |
|---|---|---|---|---|---|---|---|---|
| १ | थला धारापानी -बोरांङ-किन्तङ फेदी | थला | किन्तङ फेदी | ३ | कच्ची | ग्रामिण | | छैन |
| १ | किन्तङ फेदी-धोकरपुर्-नुवाकोट | किन्तङ फेदी | नुवाकोट | ३ | कच्ची | ग्रामिण | | छैन |
| १ | फोनडाँडा-अर्चले-कोसिन्चेत | फोनडाँडा | कोसिन्चेत | २ | कच्ची | ग्रामिण | | छैन |
| १ | मयलडाँडा-ठुतेमाने | मयलडाँडा | ठुटेमाने | ३ | कच्ची | ग्रामिण | | छैन |
| १ | मिलन बजार-सार्कीडाँडा-रेडक्रस भबन | मिलन बजार | रेडक्रस भबन | २ | कच्ची | ग्रामिण | | छैन |
| २ | धादिङबेसी-भर्याङभुरुङ-थर्पु-सम्जोंग्मर्फा | थाला प्र ब | फोनडाँडा | ७ | ग्राभेल | जिल्ला सडक | तान्जोमाने, पोखरा, फनडाँडा, खराकुना | मार्फा,सेम्जोंग-काठमान्डौ |
| २ | थाला प्र ब-धाराधीरे-मौत | थाला प्र ब | मौत | ९ | कच्ची | ग्रामिण | धराधीरे, तकपा, मौत | धरधीरी-काठमान्डौ |
| २ | पाखरा-नांगेटोल-नुवकोट | पाखरा | नुवकोट | ३ | कच्ची | ग्रामिण | पोखरा, नम्गीवागा | छैन |
| २ | सन्सरेडाँडा-ठुतेमाने | सन्सरेडाँडा | ठुतेमाने | २ | कच्ची | ग्रामिण | सन्सरेडाँडा, ठुतेमाने | छैन |

| वडा नं. | सडक गोरेटोको नाम | सुरु हुने स्थान | अन्त्य हुने स्थान | लम्वाई (की मी ) | सडकको सतहको प्रकार | सडकको स्तर (Hierarchy) | सडकले समेट्ने वस्तीहरु | सर्वजनिक वस चल्ने वा नचल्ने |
|---|---|---|---|---|---|---|---|---|
| २ | केबरा-सिमल सैरा-लपाङ खोला | केबरा | लपाङ खोला | ३ | कच्ची | ग्रामिण | केबरा, लपाङ खोला | छैन |
| २ | सिमल सैरा-कोसीङ गङ | सिमल सैरा | कोसीङ गङ | २.५ | कच्ची | ग्रामिण | सिमल सैरा, कोसीङ गङ | छैन |
| २ | मौत-वार्ड ४ | मौत | वार्ड ४ | ३ | कच्ची | ग्रामिण | मौत टोल | छैन |
| २ | धाराधीरे-गुईसा-लपाङ खोला | धाराधीरे | लपाङ खोला | ३ | कच्ची | कृषि सडक | धाराधीरे, गुईसा, लपाङ खोला | छैन |
| २ | धाराधीरे-शान्ति आ बी-लाखे पानी | धाराधीरे | लाखे पानी | ५ | कच्ची | ग्रामिण | धाराधीरे, लाखे पानी | छैन |
| २ | धाराधीरे-मारान घाट-भिरकुना | धाराधीरे | भिरकुना | ५ | कच्ची | ग्रामिण | धाराधीरे, भिरकुना | छैन |
| २ | लाखे टोल-खेल मैदान | लाखे टोल | खेल मैदान | २ | कच्ची | ग्रामिण | लाखे टोल | छैन |
| २ | टिकाडुंग-गौसागाउँ-धारधिरे | टिकाडुंग | धारधिरे | ३.५ | कच्ची | ग्रामिण | टिकाडुंग, धारधिरे | छैन |
| २ | लखीरे टोल-तन्जो टोल-भिउ टावर | लखीरे टोल | भिउ टावर | ०.२६ | कच्ची | गोरेटो | लखीरे टोल, धारधिरे | छैन |
| ३ | मारूङडाँडा-गैरा-नुवाकोट | मारूङडाँडा | नुवाकोट | ३.५ | काच्ची | ग्रामिण | मारूङडाँडा, गैरा, नुवाकोट | छैन |

| वडा नं. | सडक गोरेटोको नाम | सुरु हुने स्थान | अन्त्य हुने स्थान | लम्वाई (की मी ) | सडकको सतहको प्रकार | सडकको स्तर (Hierarchy) | सडकले समेट्ने वस्तीहरु | सर्वजनिक वस चल्ने वा नचल्ने |
|---|---|---|---|---|---|---|---|---|
| ३ | संसारेडाँडा-वाका-नुवाकोट | संसारेडाँडा | नुवाकोट | ५ | काच्ची | ग्रामिण | संसारेडाँडा, वाका, नुवाकोट | छैन |
| ३ | ग्युगु खोला-गैरा टोल | ग्युगु खोला | गैरा टोल | १.५ | काच्ची | ग्रामिण | गैरा टोल | छैन |
| ३ | चौतारा-चौतारा मा ब | चौतारा | चौतारा मा ब | २.५ | काच्ची | ग्रामिण | चौतारा | छैन |
| ३ | चौतारा-बर्मजेत-वाका खेलमैदान | चौतारा | वाका खेलमैदान | ८ | काच्ची | ग्रामिण | चौतारा, बर्मजेत, वाका खेलमैदान | छैन |
| ३ | हात्तिगौडा-मारनघाट-चिलींङजोंग | हात्तिगौडा | चिलींङजोंग | ३ | काच्ची | ग्रामिण | हात्तिगौडा, चिलींङजोंग | छैन |
| ३ | सौगिनी(बैंक)-कुवा खोला | सौगीनी | कुवा खोला | ५ | काच्ची | कृषि सडक | सौगीनी | छैन |
| ३ | हल्को पहरी चौकी-चौतारा मा ब | हल्को पहरी चौकि | चौतारा मा ब | ३ | काच्ची | ग्रामिण | | छैन |
| ३ | टिकादोंग बजार-माम्बा टोल | टिकादोंग बजार | माम्बा टोल | १ | पी सी सी | सहायक सडक | टिकादोंग, माम्बा टोल | छैन |
| ३ | पालिका(बैंक)-चौतारा मा ब-मारनघाट | पालिका | मारनघाट | २.५ | काच्ची | ग्रामिण | | छैन |
| ३ | टिकादोंग -गैस्वंग-धाराधीरे | टिकादोंग | धाराधीरे | ७ | काच्ची | ग्रामिण | टिकादोंग, गैस्वंग, धाराधीरे | छैन |

| वडा नं. | सडक गोरेटोको नाम | सुरु हुने स्थान | अन्त्य हुने स्थान | लम्वाई (की मी ) | सडकको सतहको प्रकार | सडकको स्तर (Hierarchy) | सडकले समेट्ने वस्तीहरु | सर्वजनिक वस चल्ने वा नचल्ने |
|---|---|---|---|---|---|---|---|---|
| ३ | टिकादोंग-खेलमैदान | टिकादोंग | खेलमैदान | ३ | काच्ची | ग्रामिण | टिकादोंग | छैन |
| ३ | मारनघाट-गङबैङ खेलमैदान | मारनघाट | गङबैङ खेलमैदान | २ | काच्ची | ग्रामिण | | छैन |
| ४ | मध्यपहाडी लोक मार्ग | भर्याङभुरुङ | कुपिन्डे | ८ | काच्ची | लोक मार्ग | भर्याङभुरुङ, थर्पु, सेल्ले, कुपिन्डे | कुपिन्डे-धादिंङ, काठमान्डौ |
| ४ | आरुखर्क-गुठी बजार | आरुखर्क | गुठी बजार | ९ | काच्ची | ग्रामिण | आरुखर्क, दुई घरे, घुर्मु | छैन |
| ४ | सेले-हजारे-थोपल खोला | सेले | थोपल खोला | ५ | काच्ची | ग्रामिण | सेले, हजारे | छैन |
| ४ | सेले-उर्लेनी-थोपल खोला | सेले | थोपल खोला | ४ | काच्ची | ग्रामिण | सेले, उर्लेनी | छैन |
| ४ | सेले-लापांग | सेले | लापांग | २ | काच्ची | ग्रामिण | सेले, लापांग | छैन |
| ४ | कुपिन्ड़े-मुसुरे भन्ज्यांग | कुपिन्ड़े | मुसुरे भन्ज्यांग | ३ | काच्ची | ग्रामिण | कुपिन्ड़े, मुसुरे भन्ज्यांग | छैन |
| ४ | दुई घरे-कार्तिकेटार | दुई घरे | कार्तिकेटार | ३ | काच्ची | ग्रामिण | दुई घरे, कार्तिकेटार | छैन |
| ४ | तल्लो घोर्मु-पिपलडाँडा | तल्लो घोर्मु | पिपलडाँडा | ३ | काच्ची | ग्रामिण | तल्लो घोर्मु | छैन |

| वडा नं. | सडक गोरेटोको नाम | सुरु हुने स्थान | अन्त्य हुने स्थान | लम्बाई (की मी ) | सडकको सतहको प्रकार | सडकको स्तर (Hierarchy) | सडकले समेट्ने वस्तीहरु | सर्वजनिक वस चल्ने वा नचल्ने |
|---|---|---|---|---|---|---|---|---|
| ४ | भोक्तेनी शबास्थ इकाई-भोक्तेनी | भोक्तेनी शबास्थ इकाई | भोक्तेनी | ५ | काच्ची | ग्रामिण | भोक्तेनी | छैन |
| ४ | तमै निउरेनी सडक | खोप केन्द्र | तमै निउरेनी | ३ | काच्ची | ग्रामिण | तमै | छैन |
| ५ | मध्यपहाडी लोक मार्ग | कुपिन्ड़े | चरङे | ५ | ग्राभेल | लोक मार्ग | | |
| ५ | सनोकोश-तिप्लिंग-सोम्दंग | टोडके | जलजले | ८ | ग्राभेल | **जिल्ला सडक** | टोडके, चारङे, पौबा, बिहार थोक | टोडके-धादिंङ, काठमान्डौ |
| ५ | चरङे-बेतिनी-पोल्वेत | चरङे | पोल्वेत | १० | काच्ची | ग्रामिण | चरङे, बेतिनी, पोल्वेत | |
| ५ | शिवालय-गोकर्णेस्वोर | शिवालय | गोकर्णेस्वोर | २.५ | काच्ची | ग्रामिण | | |
| ५ | बिहारथोक-देवीस्थान | बिहारथोक | देवीस्थान | ५ | काच्ची | ग्रामिण | बिहारथोक, देवीस्थान | |
| ५ | पौबा-अर्चले | पौबा | अर्चले | ४ | काच्ची | ग्रामिण | पौबा, अर्चले | |
| ५ | चरङे-रीपगाउँ गुम्बा | चरङे | रीपगाउँ गुम्बा | २ | काच्ची | ग्रामिण | चरङे,रीपगाउँ | |
| ५ | टोडके-हुलाक पाता-कुपिन्ड़े | टोडके | कुपिन्ड़े | | काच्ची | ग्रामिण | टोडके, हुलाक पाता, कुपिन्ड़े | |

| **वडा नं.** | **सडक गोरेटोको नाम** | **सुरु हुने स्थान** | **अन्त्य हुने स्थान** | **लम्बाई (की मी )** | **सडकको सतहको प्रकार** | **सडकको स्तर (Hierarchy)** | **सडकले समेट्ने वस्तीहरु** | **सर्वजनिक वस चल्ने वा नचल्ने** |
|---|---|---|---|---|---|---|---|---|
| ५ | कटुन्जे बजार-गुरुङगाउँ-नयाँ छाप | कटुन्जे बजार | नयाँ छाप | | काच्ची | ग्रामिण | कटुन्जे बजार, गुरुङगाउँ, नयाँ छाप | |
| ५ | टोडके बजार-पुजारीडाँडा-नयाँ छाप | टोडके | नयाँ छाप | ३ | काच्ची | कृषि सडक | टोडके, पुजारीडाँडा, नयाँ छाप | |
| ५ | पुजारीडाँडा-धमलागाउँ-पुरानो छाप | पुजारीडाँडा | पुरानो छाप | | काच्ची | ग्रामिण | पुजारीडाँडा, धमलागाउँ, पुरानो छाप | |
| ५ | धमलागाउँ-बाहुनगाउँ-वार्ड ४ नयाँ बस्ति | धमलागाउँ | नयाँ बस्ति | | काच्ची | ग्रामिण | धमलागाउँ, बाहुनगाउँ, नयाँ बस्ति | |

( वडा भेला/ छलफल, २०७९)

## ९. खानेपानी योजना/ स्रोतको विवरण

| वार्ड नं. | खानेपानी आयोजना वा स्रोतको नाम | शुद्धिकरण छ वा छैन | धारा संख्या | लाभान्वित घरधुरी संख्या | समेटेको वस्ती |
|---|---|---|---|---|---|
| १ | थला खानेपानी तथा सरसफाई आयोजाना | छ | ४५ | ४५ | थला |
| १ | खानीगाउँ खानेपानी तथा सरसफाई आयोजाना | छ | ३२ | ३२ | खानिगाउँ |
| १ | मार्पाक थला खानेपानी तथा सरसफाई आयोजना | छ | १०५ | १०५ | मार्पाक थला ,निरन्जन मा.बि. |
| १ | धारापानी आयोजना | छ | २० | २० | धारापानी |
| १ | पोल्वेत निमरचोक खानेपानी आयोजना | छ | १७० | १७० | पन्तटोल,हटियाछाप ,आरुखर्क ,बोक्राङ |
| २ | तन्जुमाना खानेपानी आयोजना | छ | १५७ | १५७ | खराककुना ,तन्जोमाना |
| २ | GWS खानेपानी आयोजना | छ | १५७ | १५७ | खराककुना ,तन्जोमाना ,पोखरा |
| २ | तन्जोछिमे खानेपानी आयोजना | छ | २५ | २५ | लह टोल |
| २ | मरतुङ खानेपानी आयोजना | छ | ६८ | ६८ | मानो टोल |
| २ | धाराधिरी खानेपानी आयोजना | छ | १८ | १२० | केबु,भातारे ,ठुलीगाउँ ,ताक्पा खोला टोल |
| २ | केउरा खानेपानी आयोजना | छ | ८५ | १०५ | केउरा टोल |
| २ | नैब खानेपानी आयोजना | छ | ५ | ६ | तल्लो तन्जो |
| ३ | लेफुम गला खानेपानी | छैन | | २६५ | गैरा टोल |
| ३ | सिमपानी खानेपानी | छैन | १४ | १२० | गैरा टोल |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | चिसापानी खानेपानी आयोजना | छैन | १४ | १३० | गैरा टोल |
| ३ | चिमोर टोल खानेपानी आयोजना | छैन | २४० | २५० | चौतारा टोल |
| ३ | पेङतवोङ खानेपानी आयोजना | छैन | | | |
| ३ | कतोखोला खानेपानी आयोजना | छैन | | | |
| ३ | छागङ खानेपानी आयोजना | छैन | ६५ | ६५ | सेम्जोङ टोल |
| ४ | खजुरी स्वारा खानेपानी आयोजना | छ | २५ | २५ | खजुरी स्वारा |
| ४ | कलामाटा खानेपानी आयोजना | छ | ११ | ११ | कालामाटा |
| ४ | बोहोरे खानेपानी आयोजना | छ | १५ | ४५ | बोहोरे |
| ४ | दमै गाउँ खानेपानी आयोजना | छ | २२ | २२ | दमै गाउँ |
| ४ | कुपिन्ड़े खानेपानी आयोजना | छ | ४२ | ४२ | कुपिन्ड़े |
| ४ | पचासे खोला खानेपानी आयोजना | छ | ४५ | ९५ | हजारे , घट्टेखोला |
| ४ | गैरा कटुन्जे खानेपानी आयोजना | छ | १२५ | १२५ | सफले कुपिन्ड़े |
| ४ | सेफले lifting खानेपानी आयोजना | छ | ९२ | ९२ | सफले |
| ४ | लापाङ खानेपानी आयोजना | छ | ४० | ४० | लापाग्ङ |
| ४ | सिमरंग खानेपानी आयोजना | छ | ३ | ४० | लापाग्ङ |
| ४ | उर्लेनी खानेपानी आयोजना | छ | १० | १० | उर्लेनी |
| ५ | कटुन्जे बजार डीप बोरिंग खानेपानी आयोजना | छ | २९९ | २९९ | हस्पिटलडाडा, कटुन्जे बजार, घले गाउँ, गुरुङ गाउँ, हुलाक, निश्चल टोल |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ठुलोखेत चरङ्गेपौवा खानेपानी आयोजना | छ | ३० | ३० | चरङ्गेपौवा |
| ५ | चरङ्गे फेदी खानेपानी आयोजना | छ | २५ | २५ | चरङ्गेफेदी |
| ५ | चरङ्गे भोटेपधेरो खानेपानी आयोजना | छ | १०८ | १०८ | चरङ्गे |
| ५ | ठुलो छाँगा मजुवा खानेपानी आयोजना | छ | २१ | २१ | मजुवा |
| ५ | धारापानी जमगेड खानेपानी आयोजना | छ | १४ | १४ | जमगेड |
| ५ | बिहारथोक गगुलधुपी खानेपानी आयोजना | छ | ४० | ४० | बिहरथोक |
| ५ | पातले खोला अलैचे खानेपानी आयोजना | छ | १७ | १७ | अलैचे |

( वडा भेला/छलफल, २०७९)

## १०. सिंचाई योजनाको विवरण

| वडा नं. | सिंचाई योजनाको नाम | पानीको स्रोत | सिंचित क्षेत्रफल (हेक्टर) | लाभान्वित घरधरी | सिंचाइको उपलब्धता (वर्षैभरी वा मौसमी) |
|---|---|---|---|---|---|
| १ | तल्लो पोखरा,सिचाई कुलो | लापाङ खोला | १२ | ४३० | मौसमी |
| १ | मार्पाक तल्लो सिचाई | लापाङ खोला | १५ | ३०० | मौसमी |
| १ | खहरे खोला सिचाई | खहरे खोला | १.२५ | ७ | मौसमी |
| १ | चुवाडाँडा सिचाई | खहरे खोला | १.३ | ७ | मौसमी |
| २ | लापाङ्ग खोला कुलो | लापाङ्ग खोला | १००. | २०० | मौसमी |
| २ | नांगे खोला कुलो | लापाङ्ग खोला | ४५. | ९५ | मौसमी |

| वडा नं. | सिंचाई योजनाको नाम | पानीको स्रोत | सिंचित क्षेत्रफल (हेक्टर) | लाभान्वित घरधरी | सिंचाइको उपलब्धता (वर्षैभरी वा मौसमी) |
|---|---|---|---|---|---|
| २ | लापाङ्ग खोला बीच कुलो | लापाङ्ग खोला | १००. | २०० | मौसमी |
| २ | मोटुवा खोला कुलो | मोटुवा खोला | ४. | ३० | मौसमी |
| ३ | टिकादुङ हेगु सिचाई कुलो | हेगु खोला | ५. | ४० | मौसमी |
| ३ | गोरम सिचाई कुलो | गोरम खोला | ५५. | १५५ | मौसमी |
| ३ | गङ्बु सिचाई कुलो | साउने खोला | ३०. | १५० | मौसमी |
| ३ | धारन सिचाई कुलो | धरान खोला | ४०. | २०० | बर्षैभरी |
| ३ | तक्मारे सिचाई | चिमो खोला | ३००. | २४० | मौसमी |
| ३ | भिरकोट सिचाई | चिमो खोला | १२५. | ७० | मौसमी |
| ३ | पेङतावाङ सिचाई | पेङतावाङ | १२५. | ७० | मौसमी |
| ३ | पहरे खोला सिचाई | पहरे खोला | १२५. | २०० | मौसमी |
| ३ | हेगु खोला सिचाई | हेगु खोला | १००. | २०० | मौसमी |
| ३ | मानसिउ खोला सिचाई | मानसिउ खोला | २५. | ३० | मौसमी |
| ४ | घलेखेत सिचाई | टुनामुने | १.५ | ८ | मौसमी |
| ४ | नया स्वारा सिमल फेद सिचाई | टुनामुने | २.५ | १८ | मौसमी |
| ४ | ठुलो खेत सिचाई | टुनामुने | ५. | २० | बर्षैभरी |
| ४ | कुपिन्ड़े मुसुरे सिचाई | कुपिन्ड़े खोला | ५५. | ४० | बर्षैभरी |
| ४ | उर्लानि दोबान सिचाई | थोपल खोला | १५०. | १२५ | मौसमी |

| वडा नं. | सिंचाई योजनाको नाम | पानीको स्रोत | सिंचित क्षेत्रफल (हेक्टर) | लाभान्वित घरधरी | सिंचाइको उपलब्धता (वर्षैभरी वा मौसमी) |
|---|---|---|---|---|---|
| ४ | पचासे हजारे सिचाई | पचासे खोला | ३५. | १२० | मौसमी |
| ४ | पचासे घट्टे टोल सिचाई | घट्टे खोला | १५. | ३० | बर्षैभरी |
| ४ | लापाङ सिचाई | लापाङ खोला | २५. | ४० | बर्षैभरी |
| ४ | बाख्रे खोला सिचाई | बाख्रे खोला | २०. | २५ | मौसमी |
| ४ | खडकरे चालिसे सिचाई | खडकरे खोला | २०. | ६० | वर्षैभरी |
| ४ | धर्पू खोला कलामाटा सिचाई | धर्पू खोला | ५०. | २२ | वर्षैभरी |
| ४ | आठपालो सिचाई | आठपालो मुहान | ५. | ९६ | वर्षैभरी |
| ४ | छ पालो सिचाई | आठपालो मुहान | २.५ | ९६ | वर्षैभरी |
| ४ | थपू हिटी धार सिचाई | थपू हिटी खोला | ३. | १६ | मौसमी |
| ४ | घोर्ले खोला सिचाई | घोर्ले खोला | ३.०५ | ८ | मौसमी |
| ५ | गोरासीङ खोला घनटार टारी सिचाई | गोरसीङ खोला | २.१५ | २२ | वर्षैभरी |
| ५ | अमला  खोला डीमिरे फाट सिचाई | अमला खोला | ३.७५ | ४५ | वर्षैभरी |
| ५ | लाक्चे कुलो सिचाई | कुपिन्ड़े खोला | १२.५ | ३५ | मौसमी |
| ५ | ठुलो छागा मजुवा खेत सिचाई | ठुला छागा | १.७५ | १५ | मौसमी |
| ५ | ठुलो खेत सिचाई | भोजा खोला | ५.५ | २२ | मौसमी |
| ५ | आल्चे खोला डुडेखेत सिचाई | अलैचे खोला | १. | १० | मौसमी |
| ५ | गगुले धुप लामिडाँडा सिचाई | गगुले धुप | ४.५ | ६ | मौसमी |

| **वडा नं.** | **सिंचाई योजनाको नाम** | **पानीको स्रोत** | **सिंचित क्षेत्रफल (हेक्टर)** | **लाभान्वित घरधरी** | **सिंचाइको उपलब्धता (वर्षैभरी वा मौसमी)** |
|---|---|---|---|---|---|
| ५ | चेसोखोला जैस्वारा सिचाई | चिसोपानी | १.१ | ४ | मौसमी |

( वडा भेला/छलफल, २०७९